महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने
महासन्धि कार्यान्वयनको लागि तयार गरिएको

# राष्ट्रिय कार्य-योजना
# २०६०

# National Plan of Action
## on
## Convention On The Elimination of All Forms of Discrimination Against Women
## (CEDAW)

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार, काठमाण्डौ, नेपाल

**प्रकाशक :**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
फोन नं. ४२४०४०८, ४२४१४६५, ४२४१७२८, ४२४१८१६
फ्याक्स : ४२४१५१६
Email : mail@mowcsw.gov.np
URL : Www.mowcsw.gov.np
प्रकाशित मिति : २०६५ बैशाख

स्वीकृति :
श्री ५ को सरकार मन्त्रिपरिषद्बाट मिति २०६०।९।१७ मा

मुद्रण :

# भूमिका

महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी कार्यायोजनाको लागि तयार गरिएको राष्ट्रिय कार्य-योजना २०६० को दोश्रो संस्करण तपाईहरु समक्ष ल्याउन पाउदा महिला,बालबालिका तथा समाजकल्याण मन्त्रालयले खुसीको अनुभूति गरेको छ ।

तत्कालिन श्री ५ को सरकार, मन्त्रिपरिषद्बाट मिति २०६०।९।१७ को निर्णयबाट जारी गरिएको यस कार्ययोजना प्रकाशित सामाग्रीको मागको कारण यो दोश्रो संस्करण प्रकाशित गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणाको बावजुद केही व्यवहारिक अनि केही रणनीतिक आवश्यकताको कारण महिलाहरुको मानव अधिकारको प्रवर्द्धन र संरक्षण हुन नसकेको महसूस गरी सन् १९७९ मा महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी लाई संयुक्त राष्ट्र संघबाट पारित गरियो जसलाई नेपालले सन् १९९१ मा अनुमोदन गरेको थियो ।

अनुमोदित महासन्धीको कार्यान्वयनको प्रत्याभूत गर्न २०६४ मा नेपालले यसको इच्छाधिन आलेखलाई समेत अनुमोदन गरी सकेको छ । महासन्धी अनुमोदन पछि यसको प्रावधानहरुको पालना तथा कार्यान्वयन गर्नुपर्ने कानूनी दायित्वलाई निर्वाह गर्न क्रमश भएका कानूनहरुको परिमार्जन र लैङ्गिक समानताको लागि नयाँ कानून बन्ने सिलसिला जारी छ ।

सारभूत समानताको लागि विभिन्न १७ वता कार्यगत सिफारिसहरु Action Recommendation सहित व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बाट सम्पादन गर्नुपर्ने कार्यक्रम र क्रियाकलापहरु किटान गरी तयार पारिएको यस कार्ययोजनाको विषयबस्तुहरुको सार्न्दभिकता अहिले पनि उतिकै रहेको छ । कार्ययोजनामा प्रकाशित केही तथ्यहरुको लिष्टमा हाल केही परिवर्तन भै सकेको छ  तत्कालिन व्यवस्थामा प्रचलित केही शब्दावलीले तात्विक रुपमा सम्वन्धित निकायहरुबाट सम्पादन गर्नुपर्ने जिम्मेवारीमा अन्तर नपर्ने ठानी मन्त्रिपरिषद्बाट तत्कालिन अवस्थामा स्वीकृत यस कार्ययोजनालाई जस्ताको त्यस्तै प्रकाशित गरिएको छ ।

केही शब्दावलीको असहजताको लागि मन्त्रालय क्षमाप्रार्थी छ । परिवर्तित अर्थमा यसलाई ग्रहण गरी आ आफ्नो निकायको जिम्मेवारी पुरा गर्ने सम्बन्धमा जिम्मेवारपूर्ण र सक्रिय सहभागिताको लागि महिला,बालबालिका तथा समाजकल्याण मन्त्रालय सम्वन्धित सवैमा सहयोगको लागि हार्दिक आग्रह गर्दछ ।

दोश्रो संस्करणको लागि सहयोग गर्नुहुने यस मन्त्रालयका सह सचिव महेन्द्रप्रसाद श्रेष्ठ, उप सचिव ऋतुराज भण्डारी र शाखा अधिकृत द्धय आभा श्रेष्ठ र कल्पना श्रेष्ठ साथै सहयोगी विजय कुमार विडारीलाई धन्यबाद दिन चाहान्छु ।

धन्यबाद

# विषय सूची

खण्ड – एक

**राष्ट्रिय कार्य-योजनाको पृष्टभूमि**

महिला अधिकारको ऐतिहासिक पृष्टभूमि र अन्तर्राष्ट्रिय प्रयास
लैङ्गिक समानताप्रति नेपालको प्रतिबद्धता र प्रयास
नेपालमा महिलाको स्थिति
कार्य योजनाको पृष्टभूमि
कार्य योजनाको आवश्यकता तथा औचित्य
प्रस्तुत कार्ययोजना कार्यान्वयनमा गरिने मानवीय तथा आर्थिक स्रोत साधनकोपरिचालन

खण्ड – दुई

**महासन्धि अन्तर्गतका रणनीतिक कार्ययोजना**

विभेदपूर्ण कानूनको संशोधन र आवश्यक कानूनको निर्माण गर्ने ।
महिला अधिकारको संरक्षण र सम्वर्द्धन गर्न विद्यमान कानूनको कार्यान्वयन र अनुगमन गर्ने ।
क्षेत्रगत क्रियाकलापहरुमा लैङ्गिक समताको मूलप्रवाहीकरणका लागि गरिनुपर्ने कार्यनीतिहरु ।
महासन्धिको कार्यान्वयन तथा अनुगमन गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको क्षमता सुदृढ गर्ने ।
सार्वजनिक तथा राजनीतिक नीति निर्णायक तहमा महिलाको सहभागिता बढाउने ।
महिलाको प्रजनन स्वास्थ्य र आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।
शिक्षा र व्यावसायिक तालिममा महिलाको पहुँच बढााउने ।
महिलाको रोजगारी वृद्धिगराउनुको साथै महिला कामदारको अधिकार संरक्षण गर्ने ।
चेलीबेटी बेचबिखन तथा ओसार पसारका घटना अन्त्य गर्ने ।
न्यायपालिकासँग सहकार्य गरी गर्नुपर्ने कार्यहरु ।
महिला वर्गको हक अधिकारको संरक्षणको लागि न्यायपालिकाको सक्षमता अभिवृद्धि गर्ने ।
महिला हक अधिकार सम्बन्धमा सर्वोच्च अदालतवाट भएका फैसलाहरु अद्यावधिक गर्ने र महिलाको हक हित संरक्षणार्थ न्यायपालिकालाई उत्प्रेरकको भूमिका खेल्न क्रियाशील गराउने
संसद तथा संसदीय समितिहरुको उत्तरदायित्व अभिवृद्धि गर्ने ।
संसद र स्थानीय निकायहरुमा महिलाको प्रतिनिधित्व बढाउने ।
आम चेतना जगाउने र महिला विरुद्ध हुने सबैखाले हिंसा सम्बन्धी सूचना प्रवाहित गर्ने ।
महासन्धिको अल्पकालीन तथा दीर्घकालीन कार्यान्वयनका लागि आवश्यक संयन्त्रको निर्माण गर्ने ।
महासन्धिको कार्यान्वयन सम्बन्धी अनुगमन र मूल्याङ्कन गर्ने ।

## संक्षेपीकृत नाम (List of Acronyms)

| | | |
|---|---|---|
| १. | अ.मं. | अर्थ मन्त्रालय |
| २. | उ.वा.आ.मं. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३. | एन.टि.एफ.टि. | नेशनल टास्कफोर्स अन ट्राफिकिङ्ग |
| ४. | का.न्या.सं.व्य.मं. | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय |
| ५. | का.सु.आ. | कानून सुधार आयोग |
| ६. | गा.वि.स. | गाउँ विकास समिति |
| ७. | गै.स.स. | गैर सरकारी संस्था |
| ८. | गृ.मं. | गृह मन्त्रालय |
| ९. | जि.वि.स. | जिल्ला विकास समिति |
| १०. | न.पा. | नगरपालिका |
| ११. | न्या.प. | न्याय परिषद् |
| १२. | न्या.से.ता.के. | न्याय सेवा तालीम केन्द्र |
| १३. | ने.बा.ए. | नेपाल बार एसोसिएशन |
| १४. | ने.प्र. | नेपाल प्रहरी |
| १५. | प.मं. | परराष्ट्र मन्त्रालय |
| १६. | प्र.मं. तथा मं.प.का. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १७. | म.बा.स.क.मं. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| १८. | महासन्धि | महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि |
| १९. | म.न्या.का. | महान्यायाधिवक्ताको कार्यालय |
| २०. | रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| २१. | रा.प्र.प्र.प्र. | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान |
| २२. | रा.म.आ. | राष्ट्रिय महिला आयोग |
| २३. | रा.म.स. | राष्ट्रिय महासन्धि समिति |
| २४. | रा.मा.अ.आ. | राष्ट्रिय मानव अधिकार आयोग |
| २५. | लो.से.आ. | लोक सेवा आयोग |
| २६. | स.अ. | सर्वोच्च अदालत |
| २७. | समिति | महिला विरूद्धको भेदभाव उन्मूलन समिति |
| २८. | सं. समिति | संसदीय समिति |
| २९. | स्था.वि.मं. | स्थानीय विकास मन्त्रालय |
| ३०. | सा.प्र.मं. | सामान्य प्रशासन मन्त्रालय |
| ३१. | स्वा.मं. | स्वास्थ्य मन्त्रालय |
| ३२. | सू.सं.मं. | सूचना तथा सञ्चार मन्त्रालय |
| ३३. | शि.खे.मं. | शिक्षा तथा खेलकूद मन्त्रालय |
| ३४. | श्र.या.मं. | श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| ३५. | रा.स.के. | राष्ट्रिय सतर्कता केन्द्र |

# खण्ड-एक

## १.    राष्ट्रिय कार्य-योजनाको पृष्ठभूमि

### १.१    महिला अधिकारको ऐतिहासिक पृष्टभूमि र अन्तर्राष्ट्रिय प्रयास

मानव अधिकारको अवधारणा भित्रै महिला हक अधिकारको विषय पनि समाहित भएकोले मानव अधिकारको अवधारणाको विकास सागसागै महिला हक अधिकारको अबधारणाको पनि विकास भएको मान्न सकिने भएतापनि महिला अधिकारको विषयमा संस्थागत प्रयास २० औं शताब्दीको प्रारम्भसम्म हुन सकेको पाइदैन । २० औं शताब्दीमा आएर मात्र पुरूष सरह महिलाले पनि आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक लगायतका राष्ट्रिय जीवनका समग्र क्षेत्रमा सहभागी हुने समान अवसर प्राप्त गर्न पाउनु पर्दछ भनी औपचारिक रूपमा महिला अधिकारको सम्बन्धमा प्रयासको प्रारम्भ भएको मान्न सकिन्छ । सन् १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना हुादा तयार भएको बडापत्रमा अन्तर्राष्ट्रिय समुदायबाट महिला र पुरूष बीच समानता एवं मानव अधिकार प्रति सम्मान कायम  हुनुपर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले अझ सशक्त तुल्यायो । महिला वर्गको सामाजिक, आर्थिक एवं राजनैतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको स्थिति    सम्बन्धी आयोग (Commission on the Status of Women) को गठन गर्‍यो । शताब्दीयौदेखि विद्यमान महिला र पुरूष कामदारको बीचको असमान ज्यालासम्बन्धी प्रथा हटाउने उद्देश्यले सन् १९५१ मा विना भेदभाव महिला र पुरूषलाई समान ज्याला दिनु पदर्छ भन्ने घोषणाका साथ समान ज्याला सम्बन्धी महासन्धि, १९५१ अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पारित भयो । महिलाको राजनीतिक सहभागितालाई सुनिश्चित गर्न सन् १९५२ मा महिलाले मत दिन पाउने राजनैतिक अधिकार सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघबाट पारित भयो । त्यस्तै गरेर महिलाको नागरिकता परिवर्तन गर्ने सम्बन्धमा व्यवस्था गर्न महिलाको नागरिकताको अधिकार सम्बन्धी महासन्धि, १९५० जारी  गरियो । सन् १९६० मा महिला माथि हुने गरेको रोजगारी र पेशागत भेदभावलाई उन्मूलन गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पेशा र रोजगारीको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि पारित गरियो । यसको दुई वर्ष पछि सन् १९६२ मा विवाह, विवाहको लागि न्यूनतम उमेर तथा विवाह दर्ता सम्बन्धी महासन्धि पारित भयो ।

महिला माथि हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धमा सन् १९६७ मा अन्तर्राष्ट्रिय सहमति कायम भयो । महिलाको उत्थान र विकास सम्वन्धमा जोड दिंदै सन् १९७५ मा संयुक्त राष्ट्र संघले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा मनाउने घोषणा गर्‍यो । यसैको परिणामस्वरूप सन् १९७५ मा पहिलोपल्ट मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरी त्यसै सम्मेलनले समानता, विकास र

शान्तिलाई मूल नाराको रूपमा पारित गर्दै सन् १९७६ देखि १९८५ को दशकलाई अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय समेत गर्‍यो ।

संयुक्त राष्ट्र संघको महासभाद्वारा महिला विरूद्धका सबै भेदभाव निर्मूल गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहमति भएको १२ वर्ष पछाडि सन् १९७९ मा महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि पारित भयो ।प्रथम पटक अन्तर्राष्ट्रिय महिला दशक मनाउने निर्णय गरिएको सन् १९७६–१९८५ को मध्यावधि समीक्षा गर्ने उद्देश्यले सन् १९८० मा डेनमार्कको कोपेनहेगनमा दोश्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो ।विकासका निमित्त सामाजिक, राजनैतिक, आर्थिक लगायतका सम्पूर्ण क्षेत्रमा महिलालाई सक्रिय सहभागी गराउादै महिला सशक्तीकरणको अभियान प्रारंभ गर्नुपर्ने कुरामा जोड दिंदै सन् १९९४ मा इजिप्टको कायरोमा जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो । महिला अधिकार सम्बन्धी पछिल्लो महत्वपूर्ण अभियानको रूपमा सन् १९९५ मा चीनको बेइजिङमा चौथो विश्व महिला सम्मेलनको आयोजना भयो र उक्त सम्मेलनले महिला सशक्तीकरणका लागि कार्यक्रम लागू गरिनु पर्ने १२ वटा क्षेत्रलाई मुख्य सरोकारका क्षेत्रको रूपमा पहिचान गरी कार्य योजना तयार गर्ने निर्देश गर्‍यो ।

यसरी सन् १९०१ देखि २००० सम्मको एक शताब्दी भित्र महिला समानता र सशक्तीकरणको अभियानले औपचारिक रूपमा लामो फड्को मारेको छ । अन्तर्राष्ट्रिय समुदायद्वारा पारित महिला अधिकार सम्बन्धी विभिन्न लिखतहरू मध्ये महिला उत्थान र महिला सशक्तीकरणको सन्दर्भमा निम्न लिखतहरू अत्यन्त महत्वपूर्ण रहेका छन् –

### १.१.१ महिला विरूद्धको भेदभाव उन्मूलन सम्बन्धी घोषणापत्र, १९६७

यस घोषणा पत्रले महिला विरूद्ध विद्यमान कुनै पनि किसिमको भेदभावलाई निर्मूल गर्ने उद्देश्यका साथ सामाजिक, आर्थिक र राजनैतिक लगायत राष्ट्रिय जीवनका सम्पूर्ण क्षेत्रहरूमा महिलाको पुरूष सरह समान अधिकार हुने कुराको प्रत्याभूति गरेको छ । यही घोषणा पत्रको परिणाम स्वरूप यसैले गरेका व्यवस्थाहरूलाई समेटी सन् १९७९ मा महिला विरूद्धको भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि जारी भएको हो ।

### १.१.२ महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

सम्पूर्ण मानव मात्रको मानवअधिकार स्थापनाको लागि महत्वपूर्ण कार्य भै सकेको भएता पनि विद्यमान मानव अधिकार सम्बन्धी दस्तावेजहरू विशेष रूपमा समीक्षात्मक ढंगबाट महिलाको मात्रै समस्या पहिचान र परिलक्षित गर्न पर्याप्त नभएको तथ्यलाई हृदयंगम गर्दै महिलाका सरोकारका विषयलाई केन्द्रीकृत गरेर एउटा छुट्टै विशेष महासन्धिको आवश्यकता महशुस गरियो ।प्रस्तुत महासन्धि संयुक्त राष्ट्रसंघको ऐतिहासिक ”महिला दशक“ को मध्यतिर कोपेनहेगेनमा आयोजित विश्व महिला सम्मेलनद्वारा सन्

१९७९ मा पारित भएको थियो ।महिलाको राजनीतिक, नागरिक, सामाजिक तथा आर्थिक अधिकार समेटेर अस्तित्वमा आएको प्रस्तुत “महासन्धि”लैङ्गिक समता र समानताका लागि महत्वपूर्ण कोशे ढुङ्गा साबित भएको छ ।

महासन्धिले महिलाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै क्षेत्रको मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएता पनि पुरूष र महिलाको समानताको आधारमा उपभोग वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यीकरण गर्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव बहिष्कार वा प्रतिबन्धलाई “महिला विरूद्धको भेदभाव” भनी परिभाषित गरेको छ ।

यस महासन्धिले मानव अधिकारको परम्परागत वर्गीकरण अर्थात् पुस्तागत (Generation) मान्यतालाई अनुकरण गर्दैन । यसले पहिलो पुस्ताको मानिने नागरिक तथा राजनैतिक अधिकार प्राप्त नगरेसम्म दोश्रो पुस्ताको सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्त हुन सक्दैन भन्ने कुरालाई मान्यता दिंदैन । औपचारिक समानता भन्दा माथि उठेर यस महासन्धिले सारभूत समानताको ढाँचा विकसित गर्दै समानताको बाटोमा रहेका व्यवधान हटाउनु पर्ने कुरामा जोड दिएको छ । यसले समूह र व्यक्तिले अनुभूति गरेका स्थितिहरूको जाँचबुझ गर्नुपर्ने र विभेदपूर्ण रहेका संरचनात्मक अवरोध हटाउनु पर्छ भनी औंल्याएको छ ।

लैङ्गिक भूमिका र पारिवारिक सम्बन्धलाई निर्माण गर्ने संस्कृति र परम्पराको महत्वलाई प्रकाश पार्ने प्रस्तुत महासन्धि एउटै मात्र त्यस्तो मानवअधिकार सम्बन्धी महासन्धि हो जसले महिलाको अधिकारलाई सार्वजनिक र निजी क्षेत्रमा स्वीकार गर्नुका साथै नागरिकता, सम्पत्ति तथा प्रजनन् अधिकारलाई समेत निश्चितता प्रदान गरेको छ । राज्यको भूमिका र कार्य निर्धारण गर्दै प्रस्तुत महासन्धिले पक्ष राष्ट्रलाई कुनै व्यक्ति, संगठन वा प्रतिष्ठानद्वारा गरिने महिला विरूद्धको भेदभाव उन्मूलन गर्नको लागि उचित उपाय अवलम्बन गर्नुपर्ने दायित्व पनि सुम्पेको छ । यस व्यवस्थाले महासन्धिलाई अद्वितीय बनाएको छ, किनभने अन्य अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरू साधारणतः राज्य र यसका निकायको व्यवहारसम्म मात्र सीमित छन् । महिलाको स्थितिसित सम्बन्धित अघिल्ला अन्तर्राष्ट्रिय दस्तावेजहरू भन्दा भिन्न भएर यस महासन्धिले महिलाको विकासका लागि अल्पकालीन सकारात्मक उपायहरू अवलम्बन गर्न समेत स्वीकृति दिएको छ । अझ भन्ने हो भने यो महासन्धि अनुमोदन गर्ने राज्यले कानूनी रूपले नै यसका व्यवस्थालाई व्यवहारमा उतार्ने दायित्व लिएको हुन्छ । महासन्धिका पक्ष राष्ट्रहरू कम्तीमा चार वर्षको एकपटक महासन्धिका व्यवस्था कार्यान्वयन गर्न आफूले चालेको कदमको सम्बन्धमा राष्ट्रिय प्रतिवेदन पेश गर्न प्रतिबद्ध छन् । महासन्धिले महिला विरूद्धको हिंसा भनेर स्पष्टरूपमा उल्लेख गरेको नभए तापनि यसले सबै प्रकारका भेदभावको उन्मूलनका विभिन्न प्रावधान मार्फत व्याख्या हुन सक्ने

गरी खुला राखिदिएको छ। महिला विरूद्धको भेदभाव उन्मूलन समितिले सन् १९९२ मा पारित गरेको सामान्य सिफारिस नम्बर १९ (General Recommendation No. 19) ले "लिङ्गमा आधारित महिला विरूद्धको हिंसालाई राष्ट्र सेवक वा सामान्य नागरिक जो सुकैको गल्तीबाट सार्वजनिक अथवा व्यक्तिगत जुनसुकै जीवनमा भएको भएता पनि त्यसलाई अन्तर्राष्ट्रिय स्तरबाट प्रत्याभूत अधिकारको हनन हो" भनी परिभाषित गरेको छ। साथै राज्यले यो दायित्व पूरा गर्ने सिलसिलामा विशेष दण्डनीय, पुनर्स्थापनीय, प्रतिरोधात्मक तथा संरक्षणात्मक उपायहरू अवलम्बन गर्नु पर्ने व्यवस्था पनि यसले गरेको छ।

प्रस्तुत महासन्धि बालअधिकार सम्बन्धी महासन्धि पछिको सबैभन्दा व्यापक रूपमा स्वीकार गरिएको दोश्रो संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी महासन्धि हो। विश्वका करीव १७३ राष्ट्रहरू अर्थात् संयुक्त राष्ट्र संघका करीब नब्बे प्रतिशत भन्दा बढी सदस्य राष्ट्रहरूले यस महासन्धिलाई अनुमोदन गरी कानूनी रूपमा पालना गर्न प्रतिबद्ध भएका छन्। यस बाहेक ९७ मुलुकहरूले यसमा भएका शर्तलाई उल्लंघन नगर्ने प्रतिबद्धता जाहेर गरी महासन्धिमा हस्ताक्षर गरेका छन्। यति हुादा हुादै पनि यस महासन्धिलाई सबैभन्दा बढी सारभूत आरक्षण सहित स्वीकार गरिएको छ। कुनै पनि राष्ट्रले महासन्धिको प्रयोजन र उद्देश्यलाई कमजोर पार्ने किसिमले आरक्षण गर्न पाउादैनन् तापनि यसका उद्देश्यजन्य दायित्व प्रतिकूलका आरक्षणलाई अस्वीकार गर्ने आन्तरिक संयन्त्र पनि भएको पाइदैन। नेपालले सन् १९९१ अप्रिल २२ तारिखका दिन यस महासन्धिलाई विना शर्त अनुमोदन गरिसकेको छ।

## १.१.३ महिला सम्बन्धी महासन्धिको ऐच्छिक प्रोटोकोल, १९९९

महिला सम्बन्धी महासन्धि अन्तर्गत प्रत्याभूत गरिएका महिला हक अधिकारको उल्लंघनका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा व्यक्तिगत उजूरी गर्न पाउने, महिला सम्बन्धी महासन्धि समितिबाट छानविन जााच बुझ गर्न सकिने समेतका व्यवस्थाहरू गरी संयुक्त राष्ट्र संघको महासभाद्वारा १९९९ मा एउटा अर्को प्रोटोकल पारित गरेको छ। जसले महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धीले गरेका सैद्धान्तिक प्रावधानलाई कार्यान्वयन गर्ने कार्यविधिहरू निर्धारण गरेको छ। यसमा नेपालले सन् २००१ डिसेम्बर १८ तारिखमा हस्ताक्षर गरेको छ।

## १.१.४ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

यस महासन्धिले मानवअधिकारका सबै पक्षलाई व्यापक रूपमा समेटेको छ। यसले बालबालिकाका लागि नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूत गरेको छ। यो विश्वव्यापी रूपमा स्वीकार गरिएको मानवअधिकार सम्बन्धी ऐतिहासिक दस्तावेज हो र यसलाई संयुक्त राज्य अमेरिका र सोमालिया बाहेक विश्वका सबै राष्ट्रहरूले अनुमोदन गरिसकेका छन्।यस महासन्धिका पक्ष राष्ट्रहरूले बाल अधिकारको परिपूर्ति, संरक्षण तथा सम्बर्द्धन गर्ने प्रतिबद्धता जनाई अन्तर्राष्ट्रिय समुदाय

समक्ष सो प्रतिबद्धताको पालन गर्न दृढ रहेको समेत जाहेर गरेका छन् । यस महासन्धिले स्वास्थ्य, शिक्षा, कानूनी सामाजिक सेवा र नागरिक अधिकार सम्बन्धी मापदण्ड निर्धारण गरी बालअधिकारको संरक्षण गरेको छ । प्रगति मूल्याक्तन गर्न यी मापदण्डहरू आधारशिलाको रूपमा रहेका छन् । महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रहरूले बालबालिकाको हकहित संरक्षण तथा विकास गर्नको लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न कानूनी रूपमा दायित्व स्वीकार गरेका छन् ।

### १.१.५ बेइजिङ घोषणा र कार्यमञ्च, १९९५

सन् १९९५ मा बेइजिङ्गमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनले लैङ्गिक समानता तथा महिला सशक्तिकरणको क्षेत्रमा विद्यमान जल्दाबल्दा समस्याहरू मध्ये महिला र गरीबी, महिला शिक्षा र तालीम, महिला र स्वास्थ, महिला विरूद्धको हिंसा, महिला र सशस्त्र विद्रोह, महिला र अर्थतन्त्र, नीति निर्माणमा महिला, महिला विकासका लागि संस्थागत संरचना, महिला र मानव अधिकार, महिला र सञ्चार, महिला र वातावरण तथा बालिका गरी जम्मा १२ वटा क्षेत्रलाई गम्भीर सरोकारका क्षेत्रको रूपमा पहिचान गरी यी समस्याका विरूद्ध संयुक्त रूपमा लड्न बेइजिङ्ग कार्यमञ्च (Beijing Platform for Action) तैयार गरेको छ । यो कार्यमञ्चको कार्यान्वयनबाट लैङ्गिक समानता कायम गर्ने तथा महिला सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने विश्वास गरिएको छ ।

### १.१.६ वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखन विरूद्धको सार्क महासन्धि, २००२

सन् २००२ मा सम्पन्न सार्कको एघारौं शिखर सम्मेलनद्वारा पारित यस महासन्धिले वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको बेचविखन गर्ने तथा यस्तो कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने कार्यलाई दण्डनीय बनाउनुका साथै यस सम्बन्धी कसुरलाई सुपुर्दगीयोग्य अपराधको रूपमा स्वीकार गरेको छ । यस महासन्धिले पीडित महिला तथा बालबालिकाको हेरचाह र पुनर्स्थापनाको व्यवस्था गर्नु पर्ने कुरामा जोड दिंदै यस महासन्धि अन्तर्गतका अपराधहरूमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपण गर्ने निकायका लागि अपराधसाग सम्बन्धित कुराहरूका सन्दर्भमा तालीम दिने, महासन्धिका व्यवस्था बारे सचेत गराउने तथा ती निकायलाई सक्षम बनाउन आवश्यक श्रोत, साधन र सहयोग प्रदान गर्नु पर्ने समेतको व्यवस्था गरेको छ ।

## १.२ लैङ्गिक समानताप्रति नेपालको प्रतिबद्धता र प्रयास

लैङ्गिक समानता कायम गर्ने सम्बन्धमा नेपालमा राज्यको तर्फबाट भएका प्रयासहरू हेर्दा प्राचीन र मध्यकालमा शासन व्यवस्था शास्त्र र परम्परामा आधारित पद्धतिबाट सञ्चालन भएको देखिंदा कुनै पनि संहिताबद्ध कानूनको तर्जुमा भएको पाइदैन । पहिलो औपचारिक संहिताबद्ध कानूनको रूपमा वि.सं. १९१० को मुलुकी ऐनलाई

लिन सकिन्छ । राणाकालको अन्त्यतिर पहिलो संवैधानिक लिखतको रूपमा जारी भएको नेपाल सरकार वैधानिक कानून, २००४ ले प्रथम पटक सीमित मात्रामा भएतापनि आधारभूत मौलिक हक प्रदान  गऱ्यो । त्यसपछि जारी भएका वैयक्तिक स्वतन्त्रता सम्बन्धी ऐन, २००६, अन्तरिम शासन विधान, २००७, बन्दीप्रत्यक्षीकरण सम्बन्धी ऐन, २००८ र नागरिक अधिकार ऐन, २०१२ जस्ता केही महत्वपूर्ण कानूनद्वारा नागरिक अधिकारलाई संस्थागत गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९ र नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा लिङ्गको आधारमा भेदभाव नगरिने प्रत्याभूति र बालिग मताधिकारको व्यवस्था गरी महिला अधिकारलाई संवैधानिक र कानूनी संरक्षण दिने महत्वपूर्ण प्रयास भएको पाइन्छ ।

वि.सं. २०२० सालमा जारी भएको मुलुकी ऐनले बाल विवाह, बहुविवाह र अनमेल विवाह जस्ता प्रथालाई रोक लगायो । नेपालले सन् १९७५ लाई अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा मनाउने र १९७६–८५ को दशकलाई महिला दशकको रूपमा मनाउने संयुक्त राष्ट्र संघको आह्वानलाई स्वीकार गऱ्यो । यसै अवधिमा महिला विकासलाई औपचारिक रूपमा आवधिक योजनामा समावेश गरिनुको साथै वि.सं. २०३३ सालमा मुलुकी ऐनमा भएको छैठौं संशोधनले साबिक अंश बण्डा सम्बन्धी कानूनी व्यवस्थामा संशोधन गरी ३५ वर्ष उमेर पुगेर पनि विवाह नभएकी छोरीले छोरा सरह अंश पाउने व्यवस्था  गऱ्यो । वि.सं. २०३४ मा कारखाना तथा कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ मा गरिएको संशोधनले महिला र पुरूषको समान कामको लागि समान ज्यालाको व्यवस्था गऱ्यो ।

नेपालको छैठौं योजनामा राष्ट्रिय विकासको अभियानमा महिलाको भूमिकालाई अपरिहार्य ठानी उनीहरुका लागि रोजगारीको सृजना, क्षमता विकास, आय आर्जन जस्ता कार्यक्रम समावेश गरी कार्यान्वयन समेत भए । सातौं योजनामा राष्ट्रिय विकासमा महिला वर्गको सहभागिता अभिवृद्धि गर्ने उनीहरूको सामाजिक आर्थिक स्थिति उकास्ने समेत नीति अवलम्बन गरी ग्रामीण महिलाहरुका लागि उत्पादन कर्जा र साना किसान विकास परियोजना जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना गरी दीर्घकालीन महिला विकास कार्य योजना तयार गरी लागू  गरियो ।

वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् प्रजातन्त्र पुनर्स्थापना पछिका दशकमा सरकारले आठौं र नवौं योजना एवं वार्षिक नीति र कार्यक्रमहरूमा महिला विकास सम्बन्धी विशेष कार्यक्रमहरू राखी कार्यान्वयन गऱ्यो । आठौं योजना अवधिदेखि नै लैङ्गिक मूल प्रवाहीकरणको नीतिलाई अवलम्बन गरी महिला सम्बन्धी विषय हेर्ने छुट्टै मन्त्रालय, महिला विकास विभाग, महिला विकास महाशाखा जस्ता संरचनात्मक सुधारका प्रयासहरू भए । नवौं योजनाले राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा महिलाको पहुच बढाउन कानूनी सुधारका प्रयासहरू गर्ने नीति अवलम्बन गरे अनुरूप

महिला सशक्तीकरणमा बाधक बन्ने कानूनी व्यवस्थालाई सुधार र संशोधन गर्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । महिला विकासका गतिलाई अझ तीव्र पार्न विभिन्न गैर सरकारी संघ संस्थाहरू समेत विशेष सक्रिय भै चेलीबेटी बेचबिखन रोकथाम, घरेलु हिंसा नियन्त्रण एवं शिक्षा, स्वाथ्य र पीडित महिलाको सामाजिक पुनर्स्थापना जस्ता कार्यक्रम सञ्चालन भै रहेको देखिन्छ । हालै मात्र जारी गरिएको दशौं योजनामा समेत श्री ५ सरकारले महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणको नीतिलाई विभिन्न कार्यक्रमहरू मार्फत लागू गराई लैङ्गिक समानता कायम गर्ने उद्देश्य राखेको छ । साथै, वर्तमान राष्ट्रिय महिला आयोगको गठनलाई पनि श्री ५ को सरकारले महिला सशक्तीकरणको पक्षमा चालेको ठोस कदमको रूपमा लिन सकिन्छ ।

नेपालले सन् १९९५ को बेईजिङ्ग घोषणापत्र र बेइजिङ्ग कार्य–मञ्चलाई पनि मान्यता प्रदान गरी सोको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न "लैङ्गिक समानता तथा महिला सशक्तीकरण" राष्ट्रिय कार्य योजना लागू गरेको छ । वर्तमान महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना लैङ्गिक समता तथा समानताप्रति श्री ५ को सरकारको ठोस प्रतिबद्धताको एउटा सशक्त उदाहरण हो ।

क्रियाशील तथा उत्साही नागरिक समाजको प्रादुर्भाव एवं विस्तार राज्यलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नको लागि सहयोगी एवं प्रोत्साहन तथा दबाब दिने जोडदार शक्ति बन्दै आएको छ । नागरिक समाज, सञ्चार माध्यम र निजी क्षेत्रले नागरिक संलग्नता एवं अवसरको सिर्जना गर्दै प्रजातान्त्रिक संस्कृतिको सुदृढीकरण गर्नुका साथै व्यक्तिको अधिकार र विधिको शासनप्रति आदरभाव जगाउने कार्य समेतको सम्वर्द्धन गरेका छन् ।

मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार पारिएका महासन्धिहरू लगायत महिलाको अधिकार विशेषमा केन्द्रित महासन्धि प्रतिको प्रतिबद्धता तर्फ हेर्दा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले विभिन्न महासन्धिहरूको पक्ष बनी प्रतिबद्धता जाहेर गर्दै आएको छ ।

## नेपाल पक्ष भएका मानव अधिकारसाग सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू निम्नानुसार रहेका छन् :

- दासत्व महासन्धि, १९२६
- दासत्व महासन्धिको संशोधित आलेख, १९५३
- नरसंहार सम्बन्धी अपराधको रोकथाम तथा सजाय सम्बन्धी महासन्धि, १९४८
- महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि, १९५३
- दासत्व, दास व्यापार तथा त्यस्तै अन्य अभ्यासहरूको उन्मूलन सम्बन्धी महासन्धि, १९५६
- सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

- नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६
- नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको ऐच्छिक प्रोटोकोल, १९६६
- जातीय भेदभाव सम्बन्धी अपराध हटाउने तथा सजाय गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८५
- महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९
- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरूद्धको महासन्धि, १९८४
- खेलकूदमा जातिगत भेदभाव विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८५
- बाल अधिकार महासन्धि, १९८९
- जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, १९४९
- मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो ऐच्छिक प्रोटोकोल, १९८९

महिला र पुरूष बीचको लैङ्गिक भेदभाव उन्मूलन गरी महिलाको सर्वतोमुखी विकास गर्ने गराउने सम्वन्धमा भएका अन्तर्राष्ट्रिय सम्मेलनहरूमा समेत नेपालले आफ्नो सहभागिता देखाएको पाइन्छ । सन् १९७५ मा मेक्सिकोमा भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलन र त्यसबाट पारित प्रस्तावहरू प्रति सम्मान जनाउंदै मुलुकी ऐनमा केही संशोधन गरिएको थियो । कोपनहेगनको १९८० मा भएको दोश्रो, नैरोवीमा १९८५ मा भएको तेस्रो तथा बेइजिङमा १९९५ मा भएको चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनमा नेपालले सक्रिय सहभागिता जनाउनुका साथै उक्त सम्मेलनहरूबाट पारित प्रस्तावहरूलाई दृष्टिगत गर्दै नेपालका कानूनहरूमा समयानुकूल संशोधन तथा नयाा कानून निर्माणका प्रयासहरू समेत भइरहेका छन् । बेइजिङ्ग सम्मेलनको पााच वर्षपछि बेइजिङ्ग कार्ययोजना साग सम्बद्ध क्षेत्रमा भए गरेको प्रगति तथा देखिएका चुनौती र बाधा अवरोधहरू समेतका विषयहरू सन् २००० को जुन ५-९ सम्म संयुक्त राष्ट्र संघको महासभाको विशेष सत्रमा प्रस्तुत गरी छलफल तथा प्रतिबद्धता व्यक्त भएको थियो । अन्तर्राष्ट्रिय महासन्धिहरूमा सम्मीलन तथा अनुमोदन, अन्तर्राष्ट्रिय महिला सम्मेलनहरूमा सहभागिताको पृष्ठभूमिमा नेपाल अधिराज्यको संविधान, २०४७ समेतका प्रावधानहरूलाई दृष्टिगत गर्दै पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार, प्रजनन् स्वास्थ अधिकार, यौन शोषण विरूद्धको अधिकार, विवाह तथा सम्वन्ध विच्छेदमा समान अधिकार दिलाउने समेतका व्यवस्था गरी मुलुकी ऐन, २०२० मा एघारौं संशोधन भएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण)

विधेयक, राष्ट्रिय महिला आयोग स्थापनाको विधेयक, पारिवारिक अदालत विधेयक एवं घरेलु हिंसा सम्बन्धी विधेयक तयार गरी कानून निर्माण गर्ने क्रम जारी राखेको छ।

## १.३. नेपालमा महिलाको स्थिति

विगत १३ वर्षमा नेपाली महिलाको स्थितिमा व्यापक परिवर्तन आएको छ। महिलाको शिक्षा, रोजगारी तथा स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। महिलाको पहिचानमा जात, वर्ग र जातीय आयामहरुबाट यस्तो परिवर्तनको विस्तार तथा स्वभावमा अझ प्रभाव परेको छ। त्यसो भएता पनि पुरूषको तुलनामा सामाजिक, राजनीतिक, आर्थिक तथा कानूनी क्षेत्रमा सीमित अवसर र अधिकारका कारण महिलालाई सामाजिक प्रतिष्ठाको सोपानमा तल्लो तहमा रहेको देखाएको छ। यसले महिला र पुरूष बीच विद्यमान फरक र भेदभावपूर्ण यथार्थता दर्शाउने असमान लैङ्गिक सम्बन्धलाई अझ बढी उजागर गरेको छ। यसले महिला विरूद्ध हुने परम्परागत पूर्वाग्रहको जानकारी दिन्छ र आर्थिक, सामाजिक तथा राजनैतिक सन्दर्भमा परिवर्तनका नयाा अवसरको खोजीको लागि ठाउा प्रदान गर्दछ र यसका साथै भेदभावका नयाा स्वरूपको उजागर पनि गरेको छ।

वास्तवमा भन्ने हो भने महिला विरूद्धको भेदभावले गर्दा उनीहरु आफ्नो अवस्था र स्थितिमा सुधार गरी समाजमा सुखी जीवन बिताउन ऐतिहासिक रूपले नै उपेक्षित रहेका छन्। नेपालमा घरेलु हिंसालाई नियन्त्रण तथा सजाय गर्ने पर्याप्त कानूनको व्यवस्था गर्नुपर्ने छ र महिलाको सम्पत्ति माथिको अधिकार केहि मात्रामा सीमित नै रहेको छ। मानव विकास सम्बन्धी लैङ्गिक भेदभावका परिसूचकले लिङ्गमा आधारित वास्तविक विभेदलाई यथार्थ रूपले चित्रण गरेको छ र यो चित्रण पुरूषमा भन्दा महिलामा टड्कारो रूपमा देखा पर्दछ। यसले सामान्य जीवन बिताउनको लागि आवश्यक अवसरमा पनि पक्षपात छ भन्ने कुराको चित्रण गर्दछ। हालको सक्रिय जनसंख्या मध्ये महिलाको संख्या पुरूषको भन्दा बढी छ तर उनीहरूको अत्यधिक समय कम उत्पादनशील क्रियाकलाप र घरेलु काममा बित्ने गर्दछ। यसका अतिरिक्त महिला जनसंख्याको ठूलो हिस्सालाई कानूनबाट पूर्ण संरक्षित नगरिएसम्म उनीहरुलाई अनौपचारिक क्षेत्रको अभिलेखमा उल्लेख नहुने ज्याला विहिन परिवारिक कामदारबाट माथि उठाउन र वैदेशिक रोजगारीका अवसरहरु विस्तार गर्न अत्यावश्यक छ। शोषणबाट संरक्षण गर्ने क्रममा यदाकदा महिलाको नागरिक स्वतन्त्रता सम्बन्धी अधिकारमा कटौती हुन गै महिलाले रोजगारी र गतिशीलतामा पुरूष सरह समान अवसरबाट बंञ्चित रहनु पर्ने स्थिति रहे तापनि यस्तो अवस्था महिला सशक्तीकरणको क्रममा हटेर जाने कुरा निश्चित छ।

दक्षिण एशियाका अन्य मुलुकको तुलनामा नेपालको साक्षरता दर सबैभन्दा कम छ – प्रत्येक पााच जना वयस्क महिलामध्ये एक जना साक्षर छन्। साक्षरता दर पुरूषको ६५.०८ प्रतिशत र महिलाको केवल ४२.४९ प्रतिशत छ। (राष्ट्रिय जनगणनाः

२०५८: केन्द्रीय तथ्याक्त विभाग) पिछडिएको ग्रामीण क्षेत्रमा छोरी भनेको आखिर अर्काको घर जाने जात न हो, भनेर छोरीको लागि शिक्षालाई प्राथमिकता दिने गरेको पाईंदैन । साक्षरता तथा खुद स्कूल भर्ना संख्याको हिसाबले लैङ्गिक असमानता दक्षिण एशियाली क्षेत्रमै सर्वाधिक छ । बलियो कानूनी प्रावधान रहादा रहादै पनि केटीहरूको विवाह कम उमेरमा गरिने प्रचलन आज पनि रहेको पाइन्छ ।

नेपालमा मातृ मृत्युदर विश्वमै सबैभन्दा बढी छ :- प्रति १,००,००० जीवित जन्ममा ५४० जना, १० प्रतिशत भन्दा कम जन्ममा मात्र तालीम प्राप्त स्वास्थ्य कर्मचारीको सेवा पुग्दछ र ५०- ६० प्रतिशतसम्म गर्भवती महिलामा रक्तअल्पता छ र ५० प्रतिशत मातृमृत्यु, अवैध र असुरक्षित गर्भपतनका कारणले हुने गरेको छ (क्षेत्रीय मानव विकास प्रतिवेदन, २००३ : यूएनडिपी) । यी सबै परिसूचकहरूले विभिन्न प्रकारका सामाजिक बञ्चितिप्रति ध्यान आकृष्ट गर्दछ जसले नेपाली गृहस्थीमा महिलाको जीवनजोहोको विकल्पलाई गम्भीर रूपले कटौती गर्दछ ।

महिलाको परनिर्भरता सार्वजनिक ठाउा, बजार र समुदायका अन्यक्षेत्रमा पनि देख्न सकिन्छ । लिङ्गमा आधारित घरेलु हिंसा, श्रृंखलाबद्ध घरेलु हिंसाको कारण सृजित बलात्कार, चेली बेटी बेचबिखनको समस्यालाई नियन्त्रण गर्न सरकार निरन्तर रूपमा प्रयत्नशील रही आएको छ । सरकारी नीति र कानूनी व्यवस्थामा सुधार गर्न आवश्यक हुादा हुादै पनि प्रचलित कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन हुन नसकेका कारणले पनि महिलाको सुरक्षा र अन्य मौलिक मानव अधिकारको संरक्षण र परिपूर्ति वाञ्छित रूपमा हुन सकिरहेको छैन ।

सामान्यतः महिलाले सम्पत्ति, कर्जा, शिक्षा र रोजगारी जस्ता ठोस भौतिक साधन तथा सूचना, सामुदायिक नेटवर्क, राजनैतिक पहुंच तथा नेतृत्व आदि जस्ता सामाजिक स्रोतमा आफ्नो पहाच पुऱ्याउन थुप्रै बाधा-व्यवधानहरूको सामना गर्दै अघि बढ्न प्रयत्न गर्नुपर्दछ । शिक्षा, रोजगारी, निजामती सेवा तथा राजनैतिक प्रणालीमा महिलाको सहभागिता सम्बन्धी गरिएको सानो समीक्षाले स्पष्टसित पिरामिड ढाँचालाई प्रदर्शित गर्दछ, जसमा किशोरी, महिलाको सहभागिता संस्थागत संरचनाको पिंधमा रहेको देखिन्छ ।

## नेपालमा महिलाको स्थिति

| क्र.सं. | विषय | पुरूष (% मा) | महिला ( % मा) |
|---|---|---|---|
| १ | जनसंख्या[१] | ४९.९६ | ५०.०४ |
| २ | औसत् आयु[१] | ५९.३ | ५९.८ |
| ३ | साक्षरता[१] | ६५.०८ | ४२.४९ |

| क्र.सं. | विषय | पुरूष (% मा) | महिला ( % मा) |
|---|---|---|---|
| ४ | श्रम शक्ति[३] | ७३.३ | ७१.३ |
| ५ | मन्त्रिपरिषद् | ९४.०० | ६.०० |
| ६ | प्रतिनिधिसभा (२०५६–२०५९)[४] | ९४.१४ | ५.८६ |
| ७ | राष्ट्रिय सभा[४] | ८५.०० | १३.३४ |
| ८ | निजामती सेवा[५] | ९१.४५ | ८.५५ |
| ९ | नीति निर्माण तह[५] | ९६.०० | ४.०० |
| १० | न्यायाधीश[६] | ९७.९२ | २.०८ |
| ११ | कानून व्यवसायी[७] | ९५.०३ | ४.९७ |
| १२ | जिल्ला विकास समिति (२०५४–२०५९)[८] | ९३.३ | ६.७ |
| १३ | नगर पालिका (२०५४–२०५९)[८] | ८१.५ | १९.५ |
| १४ | गाउा विकास समिति (२०५४–२०५९)[८] | ९२.३ | ७.७ |
| १५ | प्रजिअ | १०० | ०.०० |
| १६ | राजदूत | १०० | ०.०० |
| १७ | संवैधानिक निकायको प्रमुख वा सदस्यहरू८ | १०० | ०.०० |
| १८ | सञ्चार क्षेत्र[५] | ८८.०० | १२.०० |
| १९ | शिक्षक[२] | ८६.३ | १३.७ |
| २० | प्राथमिक तहमा भर्ना[१०] | ७९.४ | ६४.४ |
| २१ | निम्न माध्यमिक तहमा भर्ना[१०] | ३६.९ | २५.५ |
| २२ | माध्यमिक तहमा भर्ना[१०] | २५.३ | १६.३ |
| २३ | त्रिविवि भर्ना[२] | ७५.१ | २४.९ |
| २४ | कृषि[९] | ६६.८ | ८५.२ |
| २५ | कृषि योग्य भूमिमाथिको स्वामित्व[१] | ८९.१६ | १०.८४ |
| २६ | घरमाथिको स्वामित्व[१] | ९४.४९ | ५.५१ |
| २७ | पशु–धनमाथिको स्वामित्व[१] | ९२.२६ | ७.२४ |
| २८ | घरमूलीको संख्या[१] | ८५.०० | १५.०० |

***स्रोतहरू:***

१. *राष्ट्रिय जनगणना २०५८*
२. *Women Education, Year 1, Vol. 1, 2057.*
३. *Nepal Labour Force Survey 1998/99.*
४. *संसद् सचिवालय*
६. *न्याय परिषद्*
७. *नेपाल कानुन व्यवसायी परिषद्*
८. *जि.वि.स.महासंघ, नेपाल*
९. *Selected Indicators of Population and Agriculture, 2000*

*५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०५८ १०. लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रम, २००१*

* लोक सेवा आयोगमा श्रीमती उर्मिला श्रेष्ठ नियुक्त हुनु भएपछि संवैधानिक निकायमा महिला सदस्यको संख्या एक पुगेको छ ।

**राष्ट्रिय र घरेलु स्तरमा महिलाको महत्वपूर्ण योगदान छादाछादै पनि महिलाले गरेको कार्य नदेखिनु, निजी तथा सार्वजनिक क्षेत्रको नीति निर्माण तथा निर्णय गर्ने संरचना र प्रक्रियामा महिलाको सीमित प्रतिनिधित्व, सहभागिता र नेतृत्व हुनु जस्ता कुराहरूले महिला र पुरूषका लागि फरक फरक परिणाम दिने सन्दर्भमा विभेदपूर्ण लैङ्गिक आदर्श र यसको भौतिक अभिव्यक्तिलाई नै टेवा पुगेको छ ।**

## १.४. कार्य योजनाको पृष्ठभूमि

**महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिमा गरिएका महिलाका मानव अधिकार तथा अन्य व्यवस्थाहरुलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस राष्ट्रिय कार्य योजनाको तर्जुमा गरिएको छ । महिला विरूद्धको भेदभाव उन्मूलन समितिले दिएको निष्कर्ष सुझावमा समेत महासन्धिको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न यो रणनीतिक राष्ट्रिय कार्य–योजना बनाउनमा जोड दिइएको र महिलाको मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरी लैङ्गिक समतामूलक समाजको निर्माणमा श्री ५ को सरकारको प्रतिबद्धता अनुरुप प्रस्तुत कार्य–योजना तयार गरी कार्यान्वयन गर्न लागिएको हो ।**

**वि.सं. २०५६ साल कार्तिक महिनामा महासन्धिको कार्यान्वयन तथा अनुगमन गर्न श्री ५ को सरकारको सकृयतामा र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, संयुक्त राष्ट्रसंघीय महिला कोष, संयुक्त राष्ट्र संघीय बाल कोष, विश्व खाद्य कार्यक्रम र विश्वबैंक्त समेतको संयुक्त सहभागितामा आयोजित एक कार्यशाला गोष्ठीमा राष्ट्रिय कार्य–योजना तर्जुमा गर्नका लागि यसको खाका र विषयबारे विचार विमर्श गर्ने प्रक्रियाको थालनी भएको थियो । यसै सन्दर्भमा विभिन्न समयमा राष्ट्रिय कार्यशाला गोष्ठीहरुको आयोजना गरिएको थियो जसमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको साथै नागरिक समाज, गैर सरकारी संस्था, आम सञ्चार माध्यम, विभिन्न दातृ समूह तथा संयुक्त राष्ट्रसंघीय नियोग समेतको सहभागिता रहेको थियो ।**

**वि.सं. २०५६ साल मंसिर ८ र ९ गते आयोजित पहिलो राष्ट्रिय कार्यशाला गोष्ठीको मुलुकका तीनै अङ्गका तत्कालीन प्रमुखहरू प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराई, प्रधान न्यायाधीश श्री मोहनप्रसाद शर्मा तथा प्रतिनिधि सभाका सभामुख श्री तारानाथ रानाभाटले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो । यस सामूहिक उद्घाटनलाई महासन्धिको कार्यान्वयनमा सरकारी प्रतिबद्धताको सात्केतिक अभिव्यक्तिको रूपमा लिन सकिन्छ । उक्त दुई दिने बृहद् विचारविमर्श कार्यक्रमले महासन्धि सम्बन्धी प्रस्तुत राष्ट्रिय कार्य–योजनाको मस्यौदालाई जन्म दिएको हो । उक्त दुई दिने राष्ट्रिय कार्याशाला गोष्ठीले**

तयार गरेको राष्ट्रिय कार्य योजनाको मस्यौदा उपर सम्बन्धित मन्त्रालय, गैर सरकारी संस्था, बुद्धिजीवी वर्गका प्रतिनिधिहरुको महत्वपूर्ण सहभागितामा भएको पटक पटकको छलफल, विचारविमर्श तथा सक्रिय योगदानको आधारमा प्रस्तुत कार्ययोजना तयार गरिएको छ ।

## १.५. कार्य योजनाको आवश्यकता तथा औचित्य

नेपाल अधिराज्यको संविधान, २०४७ मा अधिकांश नागरिक तथा राजनैतिक अधिकारलाई मौलिक हकका रुपमा मान्यता दिइएको छ जबकि अधिकांश आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई राज्यका निर्देशक सिद्धान्तका रुपमा मात्र राखिएको छ । यी व्यवस्थालाई लैंगिक दृष्टिले विश्लेषण गर्दा एकातर्फ व्यक्तिका नागरिक तथा राजनैतिक हक अधिकार एवं स्वतन्त्रता अनुकूल वातावरणको अभावमा महिला वर्गले उपभोग गर्न सकिरहेका छैनन् भने अर्को तर्फ शिक्षा, स्वास्थ्य, रोजगारी, व्यवसाय, कानूनी सेवा, राज्यप्रदत्त सार्वजनिक उपयोगका सेवा, सामाजिक सुरक्षा जस्ता आधारभूत कुराहरुलाई राज्यका निर्देशक सिद्धान्तको नीतिका रुपमा मात्र सीमित राखिएको छ ।

महासन्धिमा व्यक्त गरिएका प्रतिबद्धताको कार्यान्वयनको स्थितिलाई समीक्षा गर्दा महिला अधिकार संरक्षण र सम्वर्द्धनसम्बन्धी कानून, नीति, कार्यक्रम, सामाजिक परिवेश आदिमा देखिएका समस्या तथा चुनौतिहरु निम्नानुसार रहेको देखिन्छ :–

- लैङ्गिक भेदभाव हटाउने कानूनी प्रावधानको व्यवस्था गर्ने कार्यप्रक्रियामा निरन्तरता दिनुपर्ने छादै छ ता पनि हाल भै रहेका कानूनहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको,
- राजनैतिक र कार्यगत प्रतिबद्धतामा कमी रहेको,
- लैङ्गिक विभेद विद्यमान रहनुको साथै महिलालाई नकारात्मक असर पार्ने संस्कृति, परम्परा र प्रथाहरुको प्रचलन रहेको,
- महासन्धिमा प्रदत्त अधिकारहरुको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको,
- महिला विकास तथा लैङ्गिक समानताको विषय विकासको मूल प्रवाहमा समाहित हुन नसकेको,
- महिलाको परम्परागत भूमिकामा खासै परिवर्तन नभएको,
- शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण आदिमा महिलाको सहभागिता कम रहेको,
- महिला अधिकार र विकासका लागि पर्याप्त र उपयुक्त रुपमा आर्थिक स्रोत परिचालन नभएको,
- आर्थिक स्रोत र साधनमा महिलाको पहुाच तथा नियन्त्रण कम रहेको,
- लैङ्गिक सचेतना तथा मानव अधिकारको जानकारी कम रहेको,

○ प्रजनन स्वास्थ्य अधिकारमा संरक्षणको अभाव रहेको आदि ।

यसका अतिरिक्त देशमा विद्यमान परम्परा तथा संस्कृति र सामाजिक, आर्थिक तथा राजनैतिक प्रक्रियाले महिलालाई आफ्ना मानव अधिकारको बारेमा सचेत हुन तथा ती अधिकारहरुको पूर्ण उपयोग गर्न केही बाधा पुर्‍याइरहेको छ भने मानव अधिकारसम्बन्धी अधिकांश दस्तावेजले सार्वजनिक क्षेत्रमा हुने मानव अधिकारको संरक्षणका लागि मात्र राज्यलाई जिम्मेवार बनाएको देखिन्छ । नेपालमा मानव अधिकारको उल्लंघन सार्वजनिक क्षेत्रमा भन्दा ग्रार्हस्थ्य वा नागरिकको व्यक्तिगत स्तरमा बढी भएकोले यसलाई राज्यको तर्फबाट नै कम गर्दै लैजाने क्रम जारी छ । यी सबै परिप्रेक्षमा महिला वर्गको वास्तविक समानता कायम गरी समतामूलक समाजको सृजना गर्नका लागि महिलाविरुद्ध सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि सान्दर्भिक र सकारात्मक सामाजिक परिवर्तनको कोसे ढुङ्गाको रुपमा स्थापित भएको छ ।

सन् ज्ञढढढ को मे महिनामा श्री छ सरकारले महिला विरू४को भेदभाव उन्मुलन समिति समक्ष प्रारम्भिक प्रतिवेदन प्रस्तूत गरेको हो । उक्त प्रतिवेदनको सूनूवाई पश्चात् महिला विरु४ भेदभाव उन्मुलन समिति (ग्ल ॠभम्ब्ඦ ॠयकष्ततभभ) ले महासन्धिका प्रावधानहरूलाई राष्ड्रिय कानुनमा प्रतिविम्बित गर्न अथवा विद्यमान विभेदपुर्ण कानुनलाई संशोधन गर्नका लागि श्री छ को सरकारले पर्याप्त कार्य गर्न बााकी रहेको भाव व्यक्त गरेको थियो । सर्वोच्च अदालतबाट भेदभाव सम्बन्धी कानुनको व्याख्या गर्ने सिलसिलामा "यदि कूनै कानुन संस्कृति र परम्परा सापेक्ष नभएमा सामाजिक संरचना बिग्रने ५" भनी राखेको अदालतको दृष्टिकोणप्रति पनि समितिले सरोकार देखाएको थियो ।

सम्बन्धित कानूनहरूमा महासन्धिको धारा १ को अनुकूल हुने गरी "भेदभाव" शब्दको परिभाषा गरिनु पर्ने समितिको सुझाव रहेको छ । समितिबाट सम्पत्ति र उत्तराधिकार सम्बन्धी कानून, विवाह, राष्ट्रियता र जन्मदर्ता सम्बन्धी कानून, बोनस ऐन तथा गर्भपतन लगायतका विभेदपूर्ण फौजदारी कानूनलाई प्राथमिकताका साथ संशोधन गर्न श्री ५ को सरकार समक्ष राखेको आग्रह प्रति सरकार अत्यन्त सकारात्मक रहेको छ ।

उक्त समितिले सरकारसाग बाबुआमाले आफ्ना छोराछोरीलाई अनिवार्य शिक्षा दिनुपर्ने कुराको निश्चिति- का लागि प्रोत्साहनको व्यवस्थाका निमित्त आवश्यक उपाय अपनाउन पनि अनुरोध गरेको छ । साथै, महिलालाई शिक्षाप्रति प्रोत्साहित गर्नका लागि सामाजिक चेतना अभियान सञ्चालन गर्न पनि यसले सिफारिस गरेको छ ।

आगामी समयमा तयार गरिने प्रतिवेदनमा लिङ्गका आधारमा हुने समानता मापन तथ्याक्त (Disaggregated Data) समावेश गर्न र महासन्धिका सबै धारासाग सम्बन्धित सूचना प्रवाह गर्न समितिले सिफारिस गरेको छ । समितिले सरकारलाई

विद्यमान कानूनमा पुनरावलोकन गर्न र सुरक्षित गर्भपतनको सेवा प्रदान गर्नेतर्फ विचार विमर्श गर्न समेत अनुरोध गरेको छ । परिवार नियोजन सेवा तथा यौन शिक्षाका माध्यमद्वारा अनिच्छित गर्भाधारण रोक्न प्राथमिकता दिनु पर्ने सिफारिश गर्दै यस सम्बन्धमा महासन्धिको महिला र स्वास्थ्य सम्बन्धी धारा १२ को सामान्य सिफारिश नं. २४ लाई ध्यान दिन समेत समितिले सरकारलाई आग्रह गरेको छ । प्रतिवेदनको प्रस्तुत निष्कर्ष सुझावमा देखाइएका चासोका सम्बन्धमा आगामी प्रतिवेदनमा ध्यान पुऱ्याउन श्री ५ को सरकार समक्ष समितिले अनुरोध गरेको छ ।

श्री ५ को सरकारद्वारा महिलालाई कानूनी तथा वास्तविक समानता दिलाउन हालसम्म चालिएका र भविष्यमा चाल्नुपर्ने कदमको बारेमा जनता खासगरेर सरकारी निकायमा कार्यरत प्रशासक र राजनीतिज्ञहरूलाई जानकारी गराउनका लागि निष्कर्ष सुझावको व्यापक रूपमा संप्रेषण गर्न समितिले अनुरोध गरेको छ । त्यसै गरी समितिले महासन्धि, समितिका सामान्य सिफारिस, बेइजिङ्ग घोषणा पत्र तथा कार्यमञ्च जस्ता दस्तावेजको व्यापक संप्रेषणलाई निरन्तरता दिन र विशेष गरी यसको संप्रेषण महिला अधिकार तथा मानवअधिकार सम्बन्धी संगठनहरूमा गरिदिन समेत आग्रह गरेको छ ।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानूनसरह मान्य हुने तथा राष्ट्रिय कानून र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धि सम्झौताका प्रावधान मान्य हुने व्यवस्था गरेको छ । यसरी सन्धि ऐन, २०४७ अनुसार नेपाल पक्ष भएका सन्धि सम्झौताहरूलाई नेपालले आफ्नो राष्ट्रिय कानूनसरह मान्यता दिनु र संसदबाट अनुमोदन गरी आफ्नै स्वेच्छाले स्वीकार गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले सिर्जना गरेका दायित्वहरू पूरा गर्नु नेपालको संवैधानिक एवं कानूनी कर्तव्य हो ।

## १.६. प्रस्तुत कार्य-योजना कार्यान्वयनमा गरिने मानवीय तथा आर्थिक स्रोत साधनको परिचालन

यस कार्य-योजनामा उल्लिखित कार्यक्रमहरु खासगरी महिला र बालिकाको अधिकार संरक्षण, सम्वर्द्धन र विकासका साथै लैंङ्गिक समानतासंग सम्बन्धित छन् । तसर्थ, ती कार्यक्रमहरु ऐन कानूनको व्यवस्था, नीति निर्माण, लैंगिक मूलप्रवाहीकरण, चेतना जागरण, महिलाको आर्थिक अवस्थाको सुधार, राष्ट्रिय लेखा प्रणालीमा सुधार, सामाजिक परिवर्तन, जनसहभागिता, ऋण प्रवाह, लागत प्रभावकारिता, आधारभूत सेवा सुविधा प्रदान गर्नु पर्ने आदि तर्फ उन्मुख छन् । सुक्ष्मगत र समष्टिगत तथा समुदायदेखि केन्द्रिय स्तरसम्म समेट्ने गरी प्रस्तुत कार्य-योजना तयार गरिएको छ । यसका साथै यसलाई एउटा कार्यक्रम वा आयोजनाको कार्य-योजनाको अवधारणामाभन्दा देशमा महिला एवं बालिकाको अधिकार तथा लैंगिक समानतामुखी समष्टिगत कार्ययोजनाको अवधारणामा आधारित रहेकोले महिला अधिकार सुनिश्चित गर्ने क्रममा ५ वर्षसम्म देशभित्र सञ्चालन गर्नुपर्ने विभिन्न कार्यक्रमको लागि एक

प्रकारको मार्गदर्शनको रुपमा तयार गरिएको छ । यस पृष्ठभूमिमा यी सम्पूर्ण कार्यक्रमहरु ५ वर्षसम्म सरकारी निकायबाट मात्र सञ्चालन हुने नभै सरकारी, गैरसरकारी, स्थानीय निकाय तथा संस्था, संयुक्त राष्ट्र संघीय निकाय, बहु-पक्षीय तथा द्विपक्षीय निकाय, नागरिक समाज, जनसहभागिता बीचको समन्वय तथा सहकार्यमा सञ्चालन हुने हुादा ५ वर्षको लागि अनुमानित बजेट प्रस्तुत गरिएको छैन । यी कार्यक्रमहरुमा उपर्युक्त सबै निकायहरुको आर्थिक तथा अन्य आवश्यक योगदान समेत प्रवाहित हुनेछन् भन्ने अपेक्षा राखिएको छ ।

## १.७. प्रस्तुत कार्य योजना कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम तथा अवरोधहरु

श्री ५ को सरकारले अनुमोदन र सम्मीलन गरेका माथि उल्लिखित महासन्धि, विश्व/अन्तर्राष्ट्रिय सम्मेलनको घोषणा तथा ऐच्छिक प्रोटोकलहरुका अतिरिक्त मानव अधिकार संरक्षण तथा सम्वर्द्धन र महिला विकासको सन्दर्भमा भएका अन्य थप महासन्धि र ऐच्छिक प्रोटोकलहरुमा पनि नेपालको तर्फबाट प्रतिबद्धता दर्शाउन बााकी छ । अनुमोदन गरिएका घोषणापत्रका प्रावधानहरुको प्रभावकारी एवं पूर्ण कार्यान्वयनका लागि विद्यमान ऐन कानूनमा संशोधन र आवश्यक नयाा कानून निर्माण गर्नु जरुरी छ । यसैगरी योजना तर्जुमा र कार्यान्वयनमा देखिएका विगतका कमी कमजोरीहरु हटाउंदै नयाा सोंच र अभ्यासका साथै लैङ्गिक समानताको आधारमा महिला र बालबालिकाको साथै समग्रमा स्थानीय जनसहभागिताको अर्थपूर्ण सहभागिता अभिबृद्धि गर्नु आवश्यक छ । साथै, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा लैङ्गिक दृष्टिकोणबाट समेत अपेक्षित रुपमा संवेदनशील भै सफलता प्राप्त गर्न सक्रिय रहनुपर्ने देखिएको छ ।

आर्थिक स्रोत र साधनमा महिलाको पहुाच र नियन्त्रण ज्यादै कम छ । भूमिमाथि महिला स्वामित्व भएको परिवार करिब ११ प्रतिशत, घरमाथि महिला स्वामित्व भएको परिवार करिब ६ प्रतिशत र महिला घरमूली भएको घरपरिवार करिब १५ प्रतिशत रहेको पाइएको छ (राष्ट्रिय जनगणनाः २०५८, केन्द्रीय तथ्याक्त विभाग) । रोजगारीको विविध क्षेत्रमा पनि महिलाको सहभागिता कम छ । साथै महिलाले घरेलु तथा कृषि कार्यमा गर्ने योगदानको लेखाजोखा राष्ट्रिय लेखामा गर्ने गरिएको देखिंदैन । महिलाको आर्थिक अवस्था सुधार्न समुदाय स्तरसम्म आवश्यक/सम्भावित आय आर्जन र लगानीका क्षेत्र र समुदायको पहिचान गरी आर्थिक स्रोत साधनको परिचालन र ऋण प्रवाह समेत कमै भएको देखिन्छ ।

यसैगरी शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवामा पनि महिलाको पहुाच सीमित छ । महिलाको गरीबी, शिक्षामा कम पहुाच, बाहृय वातावरणमा कम पहुाच, न्याय प्रशासन प्रक्रियाको कम ज्ञान, सामाजिक परिवेश आदि कारणले पनि विविध हिंसा र अधिकार हनन हुादा पनि न्यायमा कम पहुाच छ जसले गर्दा कतिपय हिंसा र शोषणका घटनाहरु सार्वजनिक भएका हुंदैनन् । यस अतिरिक्त प्रतिबद्धतालाई

कार्यान्वयनमा ल्याउन सशक्त संस्थागत व्यवस्था र स्पष्ट जिम्मेवारीको व्यवस्था गर्नुपर्ने महशुस हुन्छ । विविध क्षेत्र/निकायबाट सञ्चालित कार्यक्रमहरु र लागत पनि लक्षित समुदाय/समूहसम्म प्रभावकारी रुपमा कमै पुगेको पाइन्छ । चेतनामूलक कार्यक्रमहरु पनि शहर तथा सदरमुकाम केन्द्रित भएका देखिन्छन् ।

उपर्युक्त पृष्ठभूमिमा तयार गरिएको यस कार्य–योजनाको कार्यान्वयनमा समेत माथि उल्लिखित कमी कमजोरी पूर्ण रुपमा नियन्त्रण हुन कठिन पर्ने सम्भावना छ भने देशमा बढ्दो हिंसात्मक र विनाशकारी घटनाबाट समुदायमा सेवा सुविधा प्रदान गर्ने संरचनागत पद्धतिमा सुधार गर्न तथा क्षत–विक्षत हुन पुगेका भौतिक पूर्वाधारहरु पुन:निर्माण गरी सुचारु रुपमा र समयमै सेवा प्रदान गर्न बढी समय लाग्ने अवस्था देखिन्छ । अर्को तर्फ देशको खस्किादो आर्थिक अवस्थाका कारण प्रतिबद्धता अनुसार एवं यस कार्य योजनामा उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक स्रोत साधनको कमी हुने स्थिति देखिन्छ । यसैगरी अधिकांश कार्यक्रमहरु लैंगिक संवेदनशील, चेतना अभिमुखीकरण, ऋण प्रवाह, आय आर्जन कार्यक्रम आदिको सन्दर्भमा समुदाय तथा जनचेतना कमी भै आवश्यक रुपमा जनसहभागिता कम हुने अवस्था आउने देखिन्छ ।

समग्रमा राजनीति क्षेत्रमा कार्यगत प्रतिबद्धताको कमी, आवश्यक आर्थिक स्रोत साधनको कमी, आवश्यक रुपमा ऐन कानुनमा संशोधन र नयाा कानुन निर्माणमा ढिलाई, संस्थागत संरचना तथा व्यवस्थाको सुधारमा ढिलाइ, संस्थागत स्वामित्व, पारदर्शिता र जिम्मेवारीको कमी, सबै सरोकारवालामा पर्याप्त लैङ्गिक संवेदनशीलताको कमी, महिलाको मानव अधिकार सम्वर्द्धनप्रति प्राथमिकताको कमी, आधारभूत सेवा प्रदानमा मानव संसाधन, प्राविधिक व्यवस्थापन र आवश्यक उपकरणको कमी, ऐन कानूनबीच विरोधाभास, देश भित्रको हिंसात्मक र विध्वंसात्मक गतिविधि, प्राकृतिक प्रकोप, उपयुक्त ऋण प्रवाहमा कमी आदि कारण तथा अवस्थाहरु कार्यक्रमको सफलता तथा प्रभावकारितामा आउन सक्ने जोखिम तथा समस्याहरु हुन् ।

# खण्ड - दुई

## २. महासन्धि अन्तर्गतका रणनीतिक कार्ययोजना

<u>कार्यगत सिफारिसहरू (Action Recommendation)</u>

### २.१ विभेदपूर्ण कानूनको संशोधन र आवश्यक कानूनको निर्माण गर्नेः–

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| | प्रचलित नेपाल कानूनको अध्ययन एवं पुनरावलोकन गरी महिला विरुद्ध भेदभावयुक्त देखिएका कानूनी व्यवस्थालाई संशोधन गर्ने र आवश्यकता अनुसार महासन्धि अनुकूल कानूनहरु निर्माण गर्ने । | महिला बालबालि का तथा समाज कल्याण मन्त्रालय | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | मध्यकालीन (३ वर्ष) | बाझिएका कानूनको संख्या किटान हुने गरी तयार भएको प्रतिवेदन |
| | महिला विरूद्ध विभेदपूर्ण कानूनी व्यवस्थाहरूलाई निर्मूल गर्नको लागि विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूद्वारा नेपालमा पर्न आएको दायित्वको सम्बन्धमा सांसद, सरकार, कर्मचारी, न्यायाधीश तथा राजनीतिक दलहरूलाई जानकारी | महिला बाल बालिका तथा समाज कल्याण मन्त्रालय | संसद सचिवालय का.न्या.सं.व्य.मं. राजनैतिक दलहरु | अल्पकालीन १ वर्ष | संख्या किटान गरी प्रकाशित प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | गराउने । | | | | |
| | निजामती सेवा ऐन र नियमावलीसँग समायोजन हुन नसकेका महिला हक हित र संरक्षण सम्बन्धी व्यवस्थालाई (नियुक्ति, सरूवा, बढुवा र अन्य सुबिधा) अन्य ऐन कानुनमा आवश्यक संशोधन गरी समायोजन गर्ने । | सामान्य प्रशासन मन्त्रालय | का.न्या.सं.व्य.मं. म.बा.स.क.मं | अल्पकालीन (१ वर्ष) | ऐन/नियममा भएको संशोधन |
| | महिला वर्गको हक हित संरक्षण, भेदभाव उन्मूलन तथा अन्य विषयमा भएका सन्धि संझौता र कानूनको एकीकरण गरी संहिताकरण (Codification) गरी प्रकाशन तथा वितरणको व्यवस्था मिलाउने । | का.न्या.सं.व्य.मं. | कानून किताब व्यवस्था समिति | अल्पकालीन १ वर्ष | संहिताकरण गरी प्रकाशन भएको पुस्तक तथा वितरण भएको संख्या |

## २.२ महिला अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने विद्यमान कानूनको कार्यान्वयन र अनुगमन गर्ने:–

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समय तालिका | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| | राष्ट्रिय महिला आयोगलाई ऐनद्वारा नै व्यवस्थित गरी स्वायत्त | म.वा.स.क.मं. | का.न्या.सं.व्य.मं. प्र.मं. तथा | अल्पकालीन १ वर्ष | आयोगको स्थापना गर्न ऐन लागू भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | संस्था (Autonomous Body) को रूपमा विकास गर्ने । | | मं. प. का. | | आयोगद्वारा कार्य सञ्चालन गरेको |
| | महिलाको लागि कानुनी सहायता तथा कानुनी साक्षरता सम्बन्धी कार्यक्रमहरूको विस्तार गर्ने । | का.न्या.सं.व्य.मं. | म.बा.स.क.म. ने.बा.ए. | दीर्घकालीन निरन्तर | अधिकार प्रति सचेत र सजग भएका महिलाको संख्यामा वृद्धि भएको |
| | महिला विरूद्धको हिंसालाई नियन्त्रण गर्न अवलम्बन गर्नु पर्ने प्रतिरोधात्मक उपायहरू अपनाउन गृह मन्त्रालय मार्फत कार्यक्रम संचालन गर्ने । | गृह मन्त्रालय | म.बा.स.क.म. ने.प्र. | दीर्घकालीन निरन्तर | हिंसा नियन्त्रण गर्न अपनाइएको नीति तथा कार्यक्रम |
| | सार्वजनिक स्थान तथा घर भित्र हुने महिला विरूद्धका हिंसाका घटनालाई अन्त्य गर्ने कानून र महिला सम्बन्धी महासन्धिमा उल्लेखित उपायहरू सम्बन्धी सूचना संप्रेषण गर्ने । | म.बा.स.क. मन्त्रालय | गृह मन्त्रालय नेपाल प्रहरी | दीर्घकालीन निरन्तर | सञ्चारका विभिन्न माध्यमबाट संप्रेषित सूचना, लाभान्वित वर्ग, क्षेत्र |
| | प्रचलित असमान मूल्य, मान्यता तथा व्यवहारहरूलाई रूपान्तरण गर्नको लागि जनसहयोग तथा स्वामित्वबाट लैङ्गिक संवेदनशील रणनीतिक योजना तयार गरी लागू गर्ने । | म.बा.स.क. मन्त्रालय | | ६ महिनाभित्र शुरु गरी निरन्तर गर्ने | लैङ्गिक संवेदनमूलक रणनीतिक योजना तयार भई लागू भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिला अधिकारसम्बन्धी कानूनको कार्यान्वयन भए/ नभएको बारे अनुगमन कार्यको लागि स्थानीय निकायका जिल्ला तथा गाउँ स्थित निकाय तथा समुदायको सहयोग निरन्तर परिचालन गर्ने । | स्थानीय निकाय | म.बा.स.क.मं.<br>गृह मन्त्रालय<br>नेपाल प्रहरी | ६ महिनाभित्र शुरु गरी निरन्तर गर्ने | महिला अधिकारसम्बन्धी कानूनको प्रभावकारी ढङ्गले कार्यान्वयन भएको |
| | कानूनी अधिकार प्रति जागरूक बनाई असहाय महिलालाई न्यायमा पहुँच गराउनका लागि प्रत्येक जिल्लामा कानुन प्रतिरक्षा समिति गठन गर्ने । | का.न्या.सं.व्य.मं. | म.बा.स.क.म. | अल्पकालीन<br>१ वर्ष | समिति गठन भई सञ्चालन भएको |
| | राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगकबीच आपसी सहयोग समन्वय र सामञ्जस्य कायम गरी सम्भव भएसम्मका कार्यहरू एकीकृत रूपमा सञ्चालन गर्ने । | रा.मा.अ.आ.<br>रा.म.आ. | म.बा.स.क.मं. | अल्पकालीन<br>१ वर्ष | समन्वयात्मक रूपमा सञ्चालन भएका कार्यक्रमको संख्या र प्रतिवेदन |
| | राष्ट्रिय योजना आयोगलाई महिला सम्बन्धी विषयमा आवश्यक रणनीति तयार पार्ने दिशामा Think Tank को रूपमा स्थापित गर्ने। | रा.यो.आ. | प्र.मं. तथा मं.प. का.<br>म.बा.स.क.मं | मध्यकालीन<br>२ वर्ष | रा.यो.आ.बाट तयार भएका नीति तथा रणनीतिहरू महिला हक हित अनुकूल भएको |
| | महिला वर्गको हक अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने विषयमा द्विपक्षीय र बहुपक्षीय स्तरमा भएका सन्धी संझौता र सहमती अनुरूप कार्य भए | म.बा.स.क.मं. | प्र.मं. तथा मं.प.का., प.मं. र का.न्या.सं.व्य.मं. | ,, | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | नभएको अनुगमन र मूल्याङ्कन गर्ने । | | | | |
| | लैङ्गिक विषयमा सरकारी वकिलहरुको क्षमता अभिवृद्धि गर्ने । | म.न्या.का. | का.न्या.सं.व्य.मं. म.बा.स.क.मं. | मध्यकालीन ३ वर्ष | महिला पीडित भएका मुद्दामा सरकारी वकिलको भूमिकामा सकारात्मक परिवर्तन भएको |
| २. | लैङ्गिक मुद्दा र महासन्धिबारे नियमित तथ्याङ्क तथा सूचना सङ्कलन एवं संप्रेषण गर्ने | म.बा.स.क.मं. | का.न्या.स.व्य.म. | ,, | सूचना सङ्कलन तथा संप्रेषण भएको |

## २.३. क्षेत्रगत क्रियाकलापहरूमा लैङ्गिक समताको मूलप्रवाहीकरणका लागि गरिनुपर्ने कार्यनीतिहरू :–

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| ज्ञ. | लैङ्गिक समतासम्बन्धी क्षेत्रगत पहलका सम्वन्धमा परिचयात्मक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने । | विभिन्न क्षेत्रगत मन्त्रालयहरू | महिला बा. तथा स.क.मन्त्रालय | निरन्तर | क्षेत्रगत रुपमा सञ्चालित कार्यक्रम संचालन संख्या र क्षेत्रहरु |
| ट्ट. | क्षेत्रगत पहलवाट हुने लैङ्गिक संवेदनशील योजना तर्जुमाको लागि प्राविधिक सहयोग उपलव्ध गराउने । | रा.यो.आ. | म.बा.स.क.म. | दीर्घकालीन निरन्तर | तर्जुमा भई लागू भएको लैङ्गिक रुपमा संवेदनशील योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| घ | सबै नीतिगत तथा कार्यक्रमगत प्रयासका सम्बन्धमा लैङ्गिक प्रभाव मूल्याङ्कन गर्ने । | रा.यो.आ | म.बा.स.क.मं. | मध्यकालीन ३ वर्ष | लैङ्गिक प्रभावमूल्याङ्कन सम्बन्धी प्रतिवेदन |
| ङ | महासन्धिको क्षेत्रगत लक्ष्य कार्यान्वयन गर्नको निमित्त संस्थागत संयन्त्र तथा आवश्यक स्रोत वित्तीय, प्राविधिक, सहायताका साथै पर्याप्त साधन र श्रोत पहिचान गर्ने । | अर्थ मन्त्रालय | म.बा.स.क.मं. | दीर्घकालीन निरन्तर | संस्थागत संयन्त्र तथा स्रोतको पर्याप्त व्यवस्था भएको |
| छ | महासन्धि तथा बेइजिङ्ग राष्ट्रिय कार्य योजनाको कार्यान्वयन तथा अनुगमन गर्नको लागि क्षेत्रगत मन्त्रालयहरूलाई जिम्मेवार बनाउने । | क्षेत्रगत मन्त्रालयहरू | प्र.मं. तथा मं.प.का. म.बा.स.क.मं | दीर्घकालीन निरन्तर | क्षेत्रगत मन्त्रालयहरुबाट तोकिएको जिम्मेवारी अनुसार कार्य भएको |
| ट. | लक्ष्य र उपलब्धिको सम्बन्धमा लैङ्गिक समानता मापन तथ्याङ्क बारे जिम्मेवार क्षेत्रहरूलाई प्रतिवेदन पेश गर्न लगाउने | रा.यो.आ. | प्र.मं. तथा मं.प.का. | मध्यकालीन ३ वर्ष | सबै क्षेत्रहरूबाट सो सम्बन्धमा पेश भएका प्रतिवेदनहरू |

**२.४ महासन्धिको कार्यान्वयन तथा अनुगमन गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षमता सुदृढ गर्ने :-**

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ञ. | महासन्धि अन्तर्गतका सम्पूर्ण क्षेत्रगत क्रियाकलापको संचालनलाई सहज तुल्याउन तथा अनुगमन गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई प्राविधिक क्षमता सम्पन्न बनाउने । | म.बा.स.क.मं. | प्र.मं.तथामं.प.का. अर्थ मन्त्रालय र सा.प्र.मं. | मध्यकालीन २ वर्ष | महासन्धिको अनुगमन सूचकको आधारमा कार्य सञ्चालन भई Gender Database को स्थापन भएको |
| ट. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई आवश्यक पर्ने वित्तिय, भौतिक संरचनागत संगठनात्मक तथा प्रवर्द्धनात्मक सेवा सुविधा र सहुलियत उपलब्ध गराई सक्षम बनाउने। | म.बा.स.क.मं. | अर्थ। सा.प्र.मं. र रा.यो.आयोग | मध्यकालीन २ वर्ष | सेवा सुविधाको प्रवाहमा वृद्धि हुनु |
| घ. | महासन्धिको कार्यान्वयन तथा अनुगमन गर्न राष्ट्रिय योजना आयोग, राष्ट्रिय महासन्धि समिति तथा क्षेत्रगत मन्त्रालयहरूको भौतिक वित्तीय एवं प्राविधिक क्षमता सुदृढ गर्ने । | म.बा.स.क.मं. | अर्थ, का.न्या.तथा सं. व्य. मं., सा. प्र.मं. र रा.यो.आ. | दीर्घकालीन ५ वर्ष | महासन्धिको अनुगमन सूचकहरुको आधारमा कार्यमा भएको प्रगति |
| ङ. | कार्यभारको अनुपातमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको भूमिका र संगठनात्मक संरचनामा सुधार गर्ने । | म.बा.स.क.मं. | प्र.मं.तथामं.प.का. सा.प्र.मं. र अ.मं. | मध्यकालीन ३ वर्ष | शाखा, महाशाखा र कर्मचारीहरुको संख्यामा भएको वृद्धि |
| छ. | लैङ्गिक समता र समानता मापन गर्नको | सू.तथा सं.मं. | रा.यो.आयोग | मध्यकालीन | लैङ्गिक संवेदनमूलक |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि तथ्याङ्क तथा सूचनाको सङ्कलन, प्रशोधन र संप्रेषण गर्ने दिशामा मन्त्रालयको क्षमता अभिवृद्धि गर्ने । | म.बा.स.क.मं | | ३ वर्ष | अनुगमन तथा मूल्यांकन सूचकको निर्माण भई Gender Database को स्थापना तथा सूचनाको संप्रेषण भएको |
| ट. | म.बा.तथा स.क.मं.लाई महिला विकाससम्बन्धी राष्ट्रिय केन्द्रबिन्दु( Focal Point) को रूपमा विकास गरी महिलाविकास सम्बन्धी कार्यक्रमहरू एकीकृत तथा समन्वयात्मक रूपमा सञ्चालन गर्ने । | म.बा.स.क.मं. | | मध्यकालीन ३ वर्ष | एकीकृततथा समन्वयात्मक रूपमा कार्यक्रमहरूको विस्तार र सञ्चालन भएको |
| ठ. | संयुक्त राष्ट्रसंघीय महिला विरूद्धको भेदभाव उन्मूलन समितिको निष्कर्ष सुझावहरूलाई सम्बन्धित सबै मन्त्रालयदेखि स्थानीय तहसम्म संप्रेषित गर्ने । | म.बा.स.क.मं. | | अल्पकालीन १ वर्ष | सबै मन्त्रालयहरु र स्थानीय तहसम्म निष्कर्ष सुझावबारे जानकारी भएको |

## २.५ सार्वजनिक तथा राजनीतिक नीति निर्णायक तहमा महिलाको सहभागिता बढाउने :-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ञ. | राष्ट्रियदेखि स्थानीय तहसम्मका निर्वाचन हुने पदहरूमा ३३% महिलाको अनिवार्य प्रतिनिधित्व हुनेगरी आवश्यक व्यवस्था मिलाउने । | का.न्या.सं.व्य.मं.स्थ ा.वि.मं. | प्र.मं.तथा मं.प.का. म.बा.स.क.मं | मध्यकालीन ३ वर्ष | विधेयकको मस्यौदा संसदमा प्रस्तुत भएको |
| ट्ट | लोकसेवा आयोगका सबै नीति तथा कार्यक्रमको लैङ्गिक प्रभाव मूल्याङ्कन गर्ने । उदाहरणः निजामती सेवाका माथिल्ला पदहरूमा महिलाको सहभागिता वृद्धि गर्न लोकसेवा आयोगका पाठ्यक्रम, नियुक्ति तथा पदोन्नति पद्धति । | सा.प्र.मं. | प्र.मं.तथा मं.प.का. लो.से.आ. | मध्यकालीन २ वर्ष | लैङ्गिक प्रभाव मूल्याङ्कनको प्रतिवेदनको आधारमा नीति तथा कार्यक्रममा परिवर्तन भएको |
| घ. | महिला र पुरूष निजामती कर्मचारी बीच लैङ्गिक विभेदको अन्त्य गर्न निजामती सेवा ऐन तथा नियमावलीमा संशोधन गर्ने । | सा.प्र.मं. | का.न्या.सं.व्यं.मं. म.वा.स.क.मं. | मध्यकालीन २ वर्ष | ऐन तथा नियमावलीमा भएको संशोधन |
| ढ्ढ. | निजामती सेवाका पदहरूमा महिला सहभागिता बढाउन विशेष तालिमका अवसरहरूको पहिचान र विस्तार गर्ने । | म.बा.स.क.मं. | सा.प्र.मं. | दीर्घकालीन निरन्तर | कार्यक्रमहरु तयार गरी सञ्चालन भएको |
| छ. | निजामती सेवाका सबै पदहरूमा महिलाका लागि ३३% सम्म सहभागिता गराउन आवश्यक कानूनी व्यवस्था गर्न पहल गर्ने | सा.प्र.मं. | म.बा.स.क.मं का.न्या.सं.व्यं.मं. | मध्यकालीन ३ वर्ष | निजामति सेवामा वृद्धि भएको महिलाको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| | ।। | | | | |
| ट. | महिलालाई निजामति सेवाको नीति निर्माण तहमा सहभागी गराउने आवश्यक नीति अवलम्बन गर्ने । | प्र.मं.तथा मं.प.का. | लो.से.आ.<br>सा.प्र.मं. | अल्पकालीन<br>१ वर्ष | नीति निर्माण तहमा महिलाको वृद्धि भएको |
| ठ. | निजामती सेवामा प्रवेश गर्ने र लोक सेवा आयोगका परीक्षाहरूमा सम्मिलित हुने महिला सहभागीहरूको क्षमता बढाउन प्रक्रियागत सूचना प्रवाहित गर्ने । | सा.प्र.मं. | म.बा.स.क.मं.,<br>लो.से.आ. | मध्यकालीन<br>२ वर्ष | लो.से.आ.परीक्षामा सम्मिलित तथा सफल महिलाको संख्यामा वृद्धि भएको |
| ड. | सार्वजनिक तथा राजनैतिक पदमा महिला र पुरूषको प्रतिनिधित्वको संख्यात्मक र गुणात्मक सूचनाको नियमित संकलन, विश्लेषण तथा संप्रेषण गर्ने । | म.बा.स.क.मं. | | दीर्घकालीन<br>निरन्तर | सूचनाको नियमित सङ्कलन, विश्लेषण तथा संप्रेषण हुनु |
| ढ. | महिला वर्गको नेतृत्व क्षमताको विकास गरी सार्वजनिक जीवनका हरेक क्षेत्रमा उनीहरूको सहकार्य सहभागिता र संलग्नता अभिवृद्धि गर्न सक्षम तुल्याउन नेतृत्व विकास सम्बन्धी विशेष तालीम कार्यक्रम सञ्चालन गर्ने । | म.बा.स.क.मं. | स्था. वि.म. | मध्यकालीन<br>२ वर्ष | सार्वजनिक जीवनमा महिलाको सहभागितामा वृद्धि भएको |

## २.६ महिलाको प्रजनन स्वास्थ्य र आधारभूत स्वास्थ्य अधिकार सुनिश्चित गर्ने :-

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| ङ. | महिलाको प्रजनन स्वास्थ्य र आधारभूत स्वास्थ्यको संरक्षण एवं सम्वर्द्धन गर्नको निमित्त एकिकृत स्वास्थ्य सुविधा विस्तार गरी प्रतिरोधात्मक, सम्वर्द्धनात्मक तथा उपचारात्मक सेवामा सुधार गर्ने । | स्वा.मं. | | मध्यकालीन २ वर्ष | स्वास्थ्य सुविधामा लाभान्वित महिलाको संख्यामा वृद्धि भएको |
| ट. | प्रजनन स्वास्थ्य, मातृशिशु स्वास्थ्य, परिवार नियोजन, यौन शिक्षा जस्ता तालीम र शिक्षा कार्यक्रमहरूमा पुरूष र महिला दुवैलाई समावेश गरी सह-शिक्षा प्रदान गर्ने । | स्वास्थ्य मन्त्रालय | स्थानीय निकायहरू | अल्पकालीन १ वर्ष | सञ्चालित कार्यक्रमको संख्या र सहभागी महिला र पुरुषको संख्या |
| घ. | माध्यमिकस्तरको पठन-पाठनदेखि मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धी पाठ्यक्रम समावेश गरी अध्ययन अध्यापन गर्ने । | शिक्षा तथा खेलकूद मन्त्रालय | स्वास्थ्य मन्त्रालय | मध्यकालीन २ वर्ष | तर्जुमा भै लागू भएको पाठ्यक्रम |
| ढ. | समुदायमा आधारित स्वास्थ्य सेवामा | स्वास्थ्य मन्त्रालय | स्थानीय निकायहरू | मध्यकालीन | सेवा विस्तारको अनुपात, उपलब्ध |

| | | | | | |
|---|---|---|---|---|---|
| | महिलाको पहुँच विस्तार गर्ने । चिकित्सालय, स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकीसम्म उनीहरुको पहुँच विस्तार गर्न आर्थिक तथा मानवीय संसाधन बढाउने । | | | २ वर्ष | जनशक्ति र भौतिक अवस्थामा भएको वृद्धि |
| छ. | पर्याप्त परामर्श तथा सहयोग सेवाका साथ परिवार नियोजन सेवा प्रदान गर्ने । | स्वा.मं., | स्थानीय निकायहरू | अल्पकालीन १ वर्ष | सेवा विस्तारको अनुपात र लाभान्वित जनसंख्या |
| ट. | महिलाको प्रजनन अधिकार सुनिश्चित गर्न प्रत्येक दम्पत्ति र व्यक्तिलाई उनीहरूको सन्तानको संख्या र जन्मान्तर बारे उपयुक्त सूचना, शिक्षा र उपाय प्रवाह गर्ने । | स्वा.मं. | सूचना तथा सञ्चार मन्त्रालय | मध्यकालीन ३ वर्ष | सन्तानको संख्या र जन्मान्तरमा आएको परिवर्तन |
| ठ. | सुरक्षित गर्भपतनका सेवामा पहुँच बढाउने । | स्वा.मं. | का.न्या.सं.व्य.मं. | दीर्घकालीन निरन्तर | सेवामा भएको विस्तार र गर्भपतन को कारण महिलाको मृत्युमा आएको कमी |
| ड. | अन्य सामुदायिक विकास क्रियाकलापहरूसित एकीकृत गरेर प्रभावकारी तथा समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउने सम्बन्धमा अनुसन्धानात्मक | स्वा.मं. | म.बा.स.क.मं. | अल्पकालीन २ वर्ष | सञ्चालित अनुसन्धान कार्यक्रमको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम सञ्चालन गर्ने । | | | | |
| ढ. | विविध स्वास्थ्य समस्याबारे सूचना सेवाहरू प्रदान गर्ने- एसटिडि/एचआईभि एड्स, व्यवसायजन्य रोग, कुपोषण, झाडा-पखाला, स्त्रीरोग तथा प्रसूतिसम्बन्धी सेवाका सूचनाहरू उपलव्ध गराउने । | स्वा.मं. | | मध्यकालीन २ वर्ष | सेवामा सर्वसाधारणहरुको पहुँचमा भएको वृद्धि |
| ज्ञण। | महिलाको आवश्यकता, बहुमुखी जिम्मेवारी, समयको पाबन्दी आदिलाई लक्षित गरी कार्यक्रम बनाउने र सञ्चालन गर्ने दीर्घकालीन स्वास्थ्य योजना अनुरूप स्वास्थ्यसेवा प्रदान गरी सबै तहमा बढी संख्यामा महिलालाई संलग्न गराउने । | म.बा.स.क.मं | स्वा.मं. | दीर्घकालीन निरन्तर | सबै तहको सेवामा सहभागी महिलाको संख्यामा भएको वृद्धि |
| ज्ञज्ञ. | महासन्धिको धारा १२ को महिला र स्वास्थ्य सम्बन्धी सामान्य सिफारिस नं. २४ को कार्यान्वयन गर्ने । | म.बा.स.क.मं | स्वा.मं. | दीर्घकालीन निरन्तर | सो कार्यान्वयन गर्न तयार भएको नीति तथा कार्यक्रम |

## २.७. शिक्षा र व्यावसायिक तालिममा महिलाको पहुँच बढाउने :–

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| ङ. | बालिकाका लागि नि.शुल्क र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि सम्बन्धित विद्यालयको व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने । | शिक्षा तथा खेलकूद मन्त्रालय | | दीर्घकालीन निरन्तर | प्रा.वि.मा भर्ना हुने बालिकाको संख्यामा भएको वृद्धि |
| ट्. | बालिकालाई अनिवार्य र निःशुल्क प्राथमिक शिक्षा प्रदान गर्न विशेष छात्रावृत्ति र खाजा समेत उपलब्ध गराउनुका साथै विद्यमान विद्यालय समयमा समेत पुनरावलोकन गरी लचिलो बनाउने । | शि. खे. मं. | | मध्यकालीन २ वर्ष | ऐ. |
| घ. | विद्यालय व्यवस्थापन समितिमा अनिवार्य रूपमा महिलाको प्रतिनिधित्व हुने व्यबस्था गर्ने । | शि. खे. मं. | | मध्यकालीन २ वर्ष | प्रतिनिधित्वको प्रतिशतमा भएको वृद्धि |
| द्ध. | पाठ्यक्रम र पाठ्यपुस्तकलाई लैङ्गिक दृष्टिकोणबाट | शि.खे.मं., | पाठ्यकम विकास केन्द्र | मध्यकालीन २ वर्ष | पाठ्यकममा भएको पुनरावलोकन |

| | | | | | |
|---|---|---|---|---|---|
| | पुनरावलोकन गर्ने । | | | | |
| छ. | छात्राहरूको लागि सस्तो, सुलभ, सुरक्षित र सुव्यवस्थित छात्रावासको व्यवस्था गरी शिक्षामा पहुँच बढाउने । | शि. खे. मं. | | दीर्घकालीन ५ वर्ष | छात्रावास र छात्रावासमा बस्ने छात्राको संख्यामा भएको वृद्धि |
| ट | प्रौढ शिक्षा कार्यक्रममा महिलालाई विशेष रूपमा प्रोत्साहित गरी अशिक्षित महिलाका लागि अनिवार्य गर्ने । | शि. खे. मं. | | मध्यकालीन ३ वर्ष | सहभागी महिलाको संख्यामा वृद्धि भएको |
| ठ. | बिचैमा पढाई छाडेर जाने छात्राको संख्यालाई न्यून पार्ने तर्फ विद्यालय व्यवस्थापन समिति र शिक्षकलाई जिम्मेवार बनाउने । | शि. खे. मं. | विद्यालय व्यवस्थापन समितिहरु | दीर्घकालीन निरन्तर | पढाई छाडेर जाने छात्राको संख्यामा आएको कमी |
| ड. | महिलाका लागि विशेष प्रकारका प्राविधिक विद्यालयहरू र महाविद्यालयहरूको स्थापना गरी परम्परागत, आधुनिक तथा प्राविधिक एवं व्यावसायिक तालीमको व्यवस्था गर्ने । | शि. खे. मं. | प्रा.शि.व्य.ता.प. | दीर्घकालीन निरन्तर | महिला प्राविधिक र व्यवसायीको संख्यामा भएको वृद्धि |
| ढ. | शिक्षक शिक्षिकाहरूको लागि समय सापेक्ष आवश्यक तालीमको व्यवस्था गरी परिवर्तित | शि. खे. मं. | | दीर्घकालीन निरन्तर | शिक्षण पद्धतिमा नविनतम प्रणालीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्दर्भमा नवीनतम शिक्षण सामग्री र शिक्षण पद्धतिको प्रयोग गरी अध्यापन गर्न सक्षम बनाउने । | | | | प्रयोग भएको |
| ज्ञण. | विद्यालयहरूको पठन पाठन सञ्चालन र व्यवस्थापनमा स्थानीय निकाय तथा नागरिक समाजबाट अनुगमन हुने व्यवस्था मिलाउने । | शि. खे. मं. | स्था.वि.मं. | दीर्घकालीन निरन्तर | प्रभावकारी अनुगमन भई शिक्षाको गुणस्तरमा वृद्धि भएको |
| ज्ञज्ञ. | पूर्वसेवाकालीन (Aprenticeship) तालीम सम्बन्धी सूचनाको संप्रेषण गर्ने । | शि. खे. मं. र उ. वा. आ.मं. | स्था.वि.मं. | दीर्घकालीन निरन्तर | सूचनाको संप्रेषण र सूचित हुनेको संख्या |
| ज्ञद्द. | महिला र बालिकालाई शिक्षा प्रदान गर्न उत्प्रेरित गर्न व्यापक सामाजिक जागरण अभियान सञ्चालन गर्ने । | शि. खे. मं. | म.बा.स.क.मं. | दीर्घकालीन निरन्तर | शिक्षित महिला तथा बालिकाको संख्यामा भएको वृद्धि |

## २.८ महिलाको रोजगारी वृद्धि गर्नुका साथै महिला कामदारको अधिकार संरक्षण गर्ने :-

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ञ. | महिला र पुरूषमा लैङ्गिक भिन्नताले पारेको प्रभाव र त्यसबाट रोजगारीको क्षेत्रमा पर्न गएको असर एवं त्यसको परिणाम स्वरूप राष्ट्रिय विकासको गति पछाडि पर्नुका विविध कारणहरूको अनुसन्धान गरी प्रतिवेदन तयार पारी राष्ट्रिय योजना आयोगमा पेश गर्ने । | श्र.या.मं. | म.बा.स.क.मं. | अल्पकालीन<br>१ वर्ष | राष्ट्रिय योजना आयोगमा प्रस्तुत प्रतिवेदन र प्रतिवेदनमा उल्लिखित सुझावहरु आवधिक योजनामा समावेश हुने |
| ट. | अपाङ्ग महिलालाई समावेश गरी विशेषतः गरीब तथा ग्रामीण महिलाका लागि र श्रम बजारमा प्रवेश गर्ने, पुनः प्रवेश गर्ने महिलाका लागि रोजगारीका कार्यक्रम तथा सेवाहरूको विकास र सम्वर्द्धन गर्ने । | श्र.या.मं. | उ.वा.आ.मं. | मध्यकालीन<br>२ वर्ष | सेवाको विस्तार र लाभान्वित महिलाको संख्या |
| घ. | वैदेशिक रोजगारमा नेपाली कामदारहरूको हक हितको संरक्षण गर्न नेपाली महिला कामदारहरू भएका मुलुकमा अवश्यकतानुसार श्रम सहचारी राख्ने व्यवस्था मिलाउने । | श्र.या.मं. | अर्थ, परराष्ट्र र म.बा.स.क.मं. | मध्यकालीन<br>२ वर्ष | श्रम सहचारी स्थापना भएको मुलुकको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| द्ध. | श्री ५ को सरकारद्वारा सञ्चालित उद्योगहरूमा श्रम ऐन तथा अन्तराष्ट्रिय श्रम संगठनको महासन्धिले प्रत्याभूत गरेका महिला श्रमिकहरुको हकहित संरक्षण सम्बन्धी प्रावधानहरू हनन हुन नदिन संस्थागत संयन्त्रको व्यवस्था लाई सुदृढ गर्ने । | श्र.या.मं. | म.बा.स.क.मं. र उ.बा.आ.मं. | मध्यकालीन ३ वर्ष | संयन्त्र सुदृढ भएको |
| छ्. | वैदेशिक रोजगारको बढी सम्भावना भएका मुलुकहरूमा नेपालका कूटनीतिक नियोगहरु मार्फत महिला रोजगारीका अवसर पहिचान गर्नुका साथै महिला कामदारहरूको हित संरक्षण गर्ने । | श्र.या.मं. | प.मं. | दीर्घकालीन निरन्तर | वैदेशिक रोजगारी मा गएका महिलाको संख्यामा भएको वृद्धि र रोजगारीमा गएका महिलाहरुको स्थितिमा सुधार भएको |
| ट. | वैदेशिक रोजगारीमा गएका महिलाको तथ्याङ्क अद्यावधिक गर्ने र रोजगारीमा जान चाहने महिलालाई आवश्यक सूचना तथा तालीम | श्र.या.मं. | प.मं | निरन्तर | वैदेशिक रोजगारीमा जाने महिलाको संख्यामा वृद्धि भएको र तथ्याङ्क |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपलब्ध गराउने । | | | | अद्यावधिक भएको । |
| ठ. | वैदेशिक रोजगारीमा महिला वर्गको शोषण हुन नपाउने व्यवस्था गरी संरक्षण प्रदान गर्नका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालयको संयोजकत्वमा कानून, न्याय तथा संसदीय व्यवस्था र परराष्ट्र मन्त्रालयहरु एवं वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको सहभागितामा उच्चस्तरीय समिति गठन गर्ने । | श्र.या.मं. | प्र.मं.तथा मं.प.का, का.न्या.सं.व्य.मं. र रोजगारदाता कम्पनीहरु | अल्पकालीन १ वर्ष | समिति गठन गरी कार्य शुरूवात भएको |
| ड. | महिला श्रमिकहरूलाई पदस्थापना, तालीम, पदोन्नति र वृत्ति विकासका अवसरहरूमा विशेष सुविधा प्रदान गरी सङ्गठनको उच्चतहसम्म पुग्न प्रेरित गर्न रोजगारदातालाई सजग गराई आवश्यक निर्देशन दिने । | श्र.या.मं. | रोजगारदाता कम्पनीहरु | अल्पकालीन १ वर्ष | महिला श्रमिकहरुको उच्च तहमा पुग्ने संख्यामा आएको वृद्धि |
| ढ. | व्यवस्थापकीय तथा प्राविधिक तहमा रोजगारीका अवसरहरू | श्र.या.मं. | | अल्पकालीन १ वर्ष | सीपमूलक तालिमको सञ्चालन र |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाउन महिलाको ज्ञान सीप बढाउने खालका तालीम कार्यक्रमहरूको सञ्चालन गर्ने । | | | | सहभागीको संख्यामा वृद्धि भएको |
| ञण. | कार्यस्थलमा महिलामाथि हुने यौन दुर्व्यवहारको घटना हुन नदिन सो सम्बन्धी कानूनको तर्जुमा गरी लागू गर्ने । | श्र.या.मं. | सा.प्र.मं., का.न्या.सं.व्य.मं.र श्र.मं., गैस स, ना स | अल्पकालीन १ वर्ष | लागू भएको यौन दुर्व्यहार नियन्त्रण गर्ने ऐन तथा नीति |

## २.९. चेलीबेटी बेचबिखन तथा ओसार पसारका घटना अन्त्य गर्ने :–

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| ञ. | नेपालबाट कुन देशको कुन कुन शहरमा के कति संख्यामा नेपाली महिलाको बेचबिखन गरिएको छ, सोको यकीन संख्या पत्ता लगाउने । | म.बा.स.क.मं. | प.मं. | मध्यकालीन ३ वर्ष | संख्या यकीन गरी प्रकाशित प्रतिवेदन |
| ट्. | बेचिएका महिला फिर्ता गर्न कूटनीतिक नियोगको माध्यमबाट पहल गर्ने । | म.बा.स.क.मं. | प.मं. | मध्यकालीन ३ वर्ष | ” |
| घ. | आवश्यक संख्यामा पुनर्स्थापना केन्द्र स्थापना गरी फिर्ता गरिएका महिलाले | म.बा.स.क.मं. | अ.मं. गैसस | दीर्घकालीन निरन्तर | पुनर्स्थापना केन्द्रमा तथा घर गएका महिलाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | त्यस्ता केन्द्रमा बस्ने इच्छा गरेमा संरक्षण प्रदान गर्ने र घरमा जान चाहेमा ससम्मान पुऱ्याई दिने । | | | | संख्या |
| ढ. | सार्वजनिक तथा निजी प्रयासमा उद्योग धन्दाको स्थापना, विकास र विस्तार गरी केन्द्रमा आश्रित महिलालाई रोजगारीका अवसरहरू प्रदान गर्ने । | उ.वा.आ.मं. | म.बा.स.क.मं. | दीर्घकालीन निरन्तर | रोजगारी प्राप्त महिलाको संख्या |
| छ. | बेचिएका चेलीबेटीको पुनर्स्थापनाका साथै बेचविखन तथा ओसार पसार विरूद्धको विद्यमान कार्य योजना कार्यान्वयन गर्न सम्बन्धित सबै मन्त्रालय, विभाग र निकायहरूले जिम्मेवारी र उत्तरदायित्वको वहन गरी सहयोग गर्ने । | सम्बन्धित सबै निकायहरू | | दीर्घकालीन निरन्तर | बेचिएका चेलीबेटीको संख्यामा आएको कमी । |
| ट | जिउ मास्ने बेच्ने नियन्त्रण सम्बन्धी विद्यमान नेपाल कानून प्रभावकारी रूपमा लागू गर्न केन्द्रिय निकायहरू, नागरिक समाज तथा स्थानीय समुदायबीच साझेदारी स्थापित गरी संयुक्त प्रयास गर्ने । | म.बा.स.क.मं. | का.न्या.सं.व्य.मं. गै.स.स. | मध्यकालीन ३ वर्ष | ऐ. |
| ठ. | चेलीबेटी बेचबिखन तथा ओसारपसारबाट | प्र.मं. तथा | रा.यो.आ. | | कार्यक्रमको सञ्चालन र |

| | | | | | |
|---|---|---|---|---|---|
| | बढी मात्रामा प्रभावित सम्वेदनशील क्षेत्रहरूमा जीवन निर्वाहको वैकल्पिक प्रावधानका लागि गरीबी निवारण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | म.प.का. | म.बा.स.क.मं. | " | लाभान्वितको संख्या |
| ड. | अन्तरसीमा ओसारपसार र बेचबिखनको कार्य नियन्त्रण गर्नको लागि द्विपक्षीय र बहुपक्षीय सहयोगका क्षेत्रहरू पहिचान गरी सहयोगको आदान प्रदान गर्ने । | प.मं. | गृ.मं.<br>म.वा.स.क.मं. | मध्यकालीन<br>३ वर्ष | द्विपक्षीय बैठकहरुको सञ्चालन तथा समझदारी पत्रको निर्माण |
| ढ. | चेलीबेटी बेचबिखन ओसारपसार तथा मानव अधिकार हनन सम्बन्धी राष्ट्रिय प्रतिवेदकको व्यवस्था गर्ने । | प्र.मं. तथा मं.प.का. | म.बा.स.क.म.<br>रा.मा.अ.आ. | मध्यकालीन<br>२ वर्ष | कार्यालय स्थापना र कार्य सञ्चालन |
| ण. | वैदेशिक रोजगारको नाममा हुन सक्ने चेलीबेटी बेचबिखन र ओसार पसार नियन्त्रण गर्नको लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय, श्रम विभाग, रोजगार प्रवर्द्धन विभाग र नेपाल प्रहरीलाई बढी जिम्मेवार बनाउने । | श्र.या.मं. | म.बा.स.क.म<br>गृ.मं. | अल्पकालीन<br>१ वर्ष | सम्बन्धित निकायको कार्यक्रम तथा क्रियाशीलतामा आएको वृद्धि |

## २.१० न्यायपालिकासँग सहकार्य गरी गर्नुपर्ने कार्यहरु :-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| ञ. | मुद्दा दर्ता गर्दाकै अवस्थादेखि महिलासँग सम्बन्धित विषयवस्तुको स्पष्ट पहिचान गर्नको निमित छुट्टै दायरी किताबको व्यवस्था गर्नुका साथै सोको लागि आवश्यकतानुसार ऐन, कानून, नियम र ढाँचामा परिवर्तन गर्ने । | का.न्या.स.व्य.म. | अ.मं. | अल्पकालीन (१ वर्ष) | परिमार्जित भई लागू भएको दायरी किताब |
| ट्. | महिला विरूद्धका हिंसा, जबरजस्ती करणी र महिलाको अधिकार हनन हुने यस्तै प्रकृतिका अन्य मुद्दाहरू बन्द इजलासमा सुनुवाइ गर्नको लागि आवश्यक प्रक्रिया र कार्यविधि तयार गरी व्यवस्थापन गर्ने । | का.न्या.स.व्य.म. | अ.मं. | अल्पकालीन (२ वर्ष) | छुट्टै कार्यविधि तयार भई लागू भएको |
| घ. | लैङ्गिक न्यायको दृष्टिकोणले महत्वपूर्ण फैसलाहरुको छुट्टै प्रकाशन गर्ने । | का.न्या.स.व्य.मं. | अ.मं. | निरन्तर | प्रकाशन र निरन्तरता |
| ढ्. | पीडित पक्षलाई न्याय (Victim Justice System) को लागि राज्यको तर्फबाट क्षतिपूर्ति प्रदान गर्ने, पितृत्व र उमेर निर्धारण गर्ने सम्बन्धमा पक्षको तर्फबाट | विज्ञान तथा प्रविधि मन्त्रालय | प्र.मं. तथा मं.प.का., अ.मं., का.न्या.सं.व्यं.मं. | निरन्तर | क्षतिपूर्ति प्राप्त गर्ने पीडितको संख्यामा वृद्धि भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | Deoxyribonucleic Acid(DNA) परीक्षण गर्दा लाग्ने खर्च समेत राज्यको तर्फबाट नै व्यहोर्ने व्यवस्था मिलाई महिलावर्गको न्यायको पहुँचलाई प्रभावकारी बनाउने । | | | | |
| ५. | महासन्धिको सान्दर्भिकताका सम्बन्धमा न्यायपालिकाको भूमिका एवं जिम्मेवारी बारे न्यायाधीश, कानून व्यवसायी सरकारी वकील, अनुसन्धात्मक निकाय, विश्वविद्यालयका प्राध्यापक तथा विद्यार्थीहरुका लागि अन्तर्क्रिया र संवेदनामूलक एवं परिचयात्मक कार्यक्रमहरु सञ्चालन गर्ने । | का.न्या.स.व्य.मं. | नेबाए<br>म.न्या.का. | मध्यकालीन<br>(२ वर्ष) | संवेदनशील तामा<br>भएको वृद्धि |
| ६. | अन्तर्क्रिया र संवेदनामूलक एवं परिचयात्मक कार्यक्रमहरुबाट पहिचान भएका निचोडहरूको आधारमा सम्बन्धित निकायहरूले महिलाको हक हित संरक्षण गर्ने दिशामा आ-आफ्नो क्षेत्रबाट गर्नुपर्ने कार्यहरूको कार्य योजना | म.बा.स.क.मं. | नेबाए<br>का.न्या.सं.व्य.मं.<br>म.न्या.का. | मध्यकालीन<br>(३ वर्ष) | तर्जुमा भई लागू भएको कार्ययोजना |

| | | | | | |
|---|---|---|---|---|---|
| | तयार पारी लागू गर्ने । | | | | |
| ७. | घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानून बनाई सो सम्बन्धी छुट्टै कार्यविधि तयार गर्ने । | का.न्या.सं.व्य.मं. | | तत्काल शुरु गरी निरन्तर | हिंसाबाट पीडित महिलाले सरल एवं सुलभ तरीका बाट न्याय पाउनेको संख्या |
| ८. | महिला पक्षलाई कानुनी सहयोग पुर्‍याउनको निमित सवै अदालतहरूमा अनिवार्य रूपमा वैतनिक कानून व्यवसायीको सेवा उलब्ध गराउने । | का.न्या.सं.व्य.मं. | ने.बा.ए | तत्काल शुरु गरी निरन्तर | महिलालाई वैतनिक वकिलको सेवा पुर्‍याएको संख्याको आधार |
| ९. | मुद्दाका महिला पक्षले चाहेमा जिल्ला अदालतमा समेत तारेखमा नवसेपनि मुद्दा सुनुवाई हुने गरी आवश्यक कानूनी व्यवस्था मिलाउन जिल्ला अदालत तथा पुनरावेदन अदालत नियमावलीमा संशोधन गर्ने । | का.न्या.स.व्य.मं. | स.अ. | ,, | संशोधित जिल्ला तथा पुनरावेदन अदालत नियमावली |
| १०. | अदालती कार्यविधिमा रहेका लैङ्गिक असमानताको अध्ययन गरी कार्यविधिमा आवश्यक परिवर्तन र परिमार्जन गरी | का.न्या.स.व्य.मं. | | ,, | लैङ्गिक सम्वेदनमूलक पक्ष समावेश गरी परिमार्जित अदालती |

| | | | | | |
|---|---|---|---|---|---|
| | सरलीकरण गर्ने । | | | | कार्यविधि |
| ११. | महिलासंग सम्वन्धित गोपनीयता कायम गर्नुपर्ने मुद्दामा मुद्दाका पक्षको वास्तविक नाम, थर ठेगाना र अन्य विवरण मुद्दाको मिसिलमा गोप्य राखी उनाउ नामको आधारबाट मुद्दाको कारवाही गरी गोपनीयताको रक्षा गर्न आवश्यक कार्यनीति बनाई लागू गर्ने गराउने दिशामा आवश्यक पहल गर्ने । | का.न्या.स.व्य.मं. | | मध्यकालीन (३ वर्ष) | सो सम्बन्धी कार्यनीति संबन्धित निकायबाट लागू भएको |
| १२. | फौज्दारी न्याय प्रणाली लाई महिलाप्रति संवेदनशील बनाउने । | का.न्या.सं.व्य.मं. | म.न्या.का. | अल्पकालीन (१ वर्ष ) | महिलाको न्याय पहुँचमा वृद्धि भएको |
| १३. | नेपाली बोल्न नसक्ने महिलाका लागि अदालतमा दोभाषे प्रयोग गर्न पाउने आवश्यक व्यवस्था मिलाउने । | का.न्या.स.व्य.म. | | मध्यकालीन (३ वर्ष) | नियुक्त दोभाषेको संख्या |
| १४. | महिलाप्रति विभेद हुने खालका सामाग्री, परम्परा तथा सामाजिक प्रचलनबारे अध्ययन तथा मूल्याङ्कन गरी भावी उपायहरु अपनाउन सिफारिस समेत गर्नका लागि एक कार्यदलको गठन गर्ने । | म.बा.स.क.मं. | का.न्या.स.व्य.म. | मध्यकालीन (३ वर्ष) | कार्यदलले तयार गरको प्रतिवेदन |

## २.११. महिला वर्गको हक अधिकारको संरक्षणको लागि न्यायपालिकाको सक्षमता अभिवृद्धि गर्ने:-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| १. | तालीम, शिक्षा, छलफल, अन्तर्क्रिया जस्ता क्षमता विकास सम्बन्धी कार्यक्रमहरूलाई योजनाबद्ध तरिकाले व्यवस्थित रूपमा सञ्चालन गर्नको निमित सम्बन्धित विज्ञहरूबाट महिला अधिकार सम्बन्धी Training Manual तयार पारी लागू गर्ने । | सम्बन्धित निकायका तालीम केन्द्र सम्बन्धी प्रतिष्ठानहरू | म.बा.स.क.मं. | मध्यकालीन (३ वर्ष) | Training Manual तयार भै प्रयोगमा आएको र सञ्चालित तालिमको संख्या |
| २. | न्यायाधीश, कानून व्यवसायीहरू, र न्याय र कानूनको क्षेत्रमा सम्बद्ध पदाधिकारीहरूको लागि प्रस्तावित न्यायिक प्रतिष्ठानबाट प्रदान गरिने तालीम तथा अन्य शिक्षामूलक कार्यक्रमहरूमा CEDAW तथा लैङ्गिक समानता र अदालतको भूमिका विषयक विषयवस्तु | प्रस्तावित न्यायिक प्रतिष्ठान | ने.बा.ए. का.न्या.त.व्य.मं.म.बा.स.क.मं. न्या.से.ता.के. | मध्यकालीन (३ वर्ष) | उल्लेखित विषयवस्तु समेत समावेश भै प्रतिष्ठानबाट सञ्चालन भएका कार्यक्रम हरूको संख्या |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| | समेत समावेश गर्नको लागि गृहकार्य प्रारम्भ गरी प्रतिष्ठान सञ्चालनको साथ साथै प्रस्तुत विषयवस्तु समावेश हुने व्यवस्था मिलाउने । | | | | |
| ३. | सार्क प्रधान न्यायाधीश, सार्क कानून र अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानूनमञ्च मार्फत बहुउद्देश्यीय, एवं द्विपक्षीय न्यायिक सहयोग, समन्वय तथा सामञ्जस्य कायम गरी त्यस्ता मञ्चको माध्यमबाट आपसी न्यायिक सहयोग (Mutual Judicial Assistance) को विस्तार र विविधीकरण गर्ने । | का.न्या.स.व्य.म. | | ,, | सहयोगको क्षेत्रमा भएको विस्तार र विविधीकरण |

## २.१२ महिला हक अधिकार सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसलाहरू अद्यावधिक गर्ने र महिलाको हक हित संरक्षणार्थ न्यायपालिकालाई उत्प्रेरकको भूमिका खेल्न क्रियाशील गराउने:-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिसँग असङ्गत सर्वोच्च अदालतबाट भएका पूर्व फैसलाको पुनरावलोकन गर्नको लागि सर्वोच्च अदालत अनुसन्धान महाशाखालाई आवश्यक श्रोत र साधन उपलब्ध गराई क्रियाशील गराउने । | का.न्या.स.व य.म. | अ.मं. म.बा.स.क.म. | मध्यकालीन (३ वर्ष) | CEDAW संग असंगत पूर्व फैसला हरुको पुनरावलोकन भएको संख्या |
| २. | न्याय र कानूनको क्षेत्रमा संलग्न महिला कर्मचारीहरू र महिला कानून व्यवसायीहरूलाई महिला विरूध्द हुने सबै प्रकारका भेदभाव निर्मूल पार्ने दिशामा परिवर्तनको संवाहक (Change Agent) का रूपमा कार्य गर्न सक्षम बनाउनको निमित्त महिला न्यायिक नेतृत्वविकास सम्बन्धी तालीम सञ्चालन गर्ने । | म.बा.स.क. मं. | का.न्या.स.व्य.मं.र ने.बा.ए. | मध्यकालीन ३ वर्ष | उपरोक्तानुसारको नेतृत्व विकासको तालिमको संख्या र सहभागी महिलाको संख्या |

## २.१३. संसद तथा संसदीय समितिहरूको उत्तरदायित्व अभिवृद्धि गर्नेः-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | समयावधि | अनुगमन |
|---|---|---|---|---|

| | | प्रमुख | सहयोगी | | सूचक |
|---|---|---|---|---|---|
| १. | महिला विरूध्द हुने सबै प्रकारका हिंसाका कारण, परिणाम, असर र दूरगामी प्रभावका विविध पक्षहरू उपर संसदीय समितिको सक्रियतामा विस्तृत रूपमा अध्ययन र अनुसन्धान गरी प्रतिवेदन तयार पार्ने । | सं.स. | का.न्या.स.व्य.म. | मध्यकालीन (२ वर्ष) | अध्ययन अनुसन्धान गरी सुझाव सहित तयार भएको प्रतिवेदन |
| २. | महिला विरूद्ध हुने सबै प्रकारका हिंसाका कारण, परिणाम तथा संयन्त्रका सम्बन्धमा आवश्यक ज्ञान दिलाउनको निमित सांसदहरूको लागि महिलाको हकहित र अधिकार संरक्षण सम्वन्धी विशेष परिचायात्मक कार्यहरू सञ्चालन गर्ने । | सं.स. | का.न्या.स.व्य.मं.<br>म.बा.स.क.मं. | ,, | सञ्चालित कार्यक्रम र सहभागीको संख्या |
| ३. | लैङ्गिक समता र समानता, महिला सशक्तीकरण विकासमा महिला सहभागिता एवं महिला सशक्तीकरणका विविध पक्षहरू उपर सांसदहरूको सहभागितामा सम्बन्धित निकायहरू, एवं नागरिक समाज तथा सञ्चार माध्यमका प्रतिनिधिहरू समेत सम्मिलित गराई गोष्ठी एवं छलफल | सं.स. | म.बा.स.क.मं., का.न्या.स.व्य.मं. र नागरिक समाज | निरन्तर | सञ्चालित छलफल एवं गोष्ठीको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रमहरू सञ्चालन गर्ने । | | | | |
| ४. | गोष्ठीबाट प्राप्त निष्कर्षहरू सङ्कलन गरी क्षेत्रगत रूपमा राष्ट्रिय कार्य योजना तयार पारी सम्बन्धित निकायहरूमा सो कार्य योजना पठाई आवश्यक नीतिहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्नको लागि जिम्मेवार बनाउने । | म.बा.स.क.मं. | विषयगत मन्त्रालयहरू | मध्यकालीन (२ वर्ष) | नीतिहरुको तर्जुमा, कार्यान्वयन र नियमित रुपमा अनुगमन भएको |
| ५ | महिला वर्गको हक हित र अधिकार संरक्षणको सन्दर्भमा श्री ५ को सरकारको नीति तथा कार्यक्रम अनुसार कामकाज भए नभएको स्थलगत निरीक्षण समेत गरी प्रतिवेदन पेश गर्ने । | सं.स. | का.न्या.स.व्य.म. | दीर्घकालीन निरन्तर | स्थलगत निरीक्षण समेत गरी तयार भएको प्रतिवेदन |
| ६. | श्री ५ को सरकारबाट तर्जुमा गरी लागू गरिएका नीति, नियम वा कार्यनीतिहरू संविधान तथा ऐनको उद्देश्य अनुरूप बने नबनेको तथा उद्देश्य हासिल हुने गरी कार्य सम्पन्न भए नभएको जाँचबुझ गर्ने । | सं.स. | का.न्या.स.व्य.म. | ,, | जाँचबुझ गरी आवश्यक सुझाव सहिततयार भएको प्रतिवेदन |
| ७. | संसद्मा महिला सम्बन्धी छुट्टै समितिको व्यवस्था गरी क्रियाशील गराउने | सं.स. | का.न्या.स.व्य.म. | अल्पकालीन (१ वर्ष) | समितिको गठन भई क्रियाशील |

| | | | | | |
|---|---|---|---|---|---|
| | । | | | | भएको |
| ८. | महासन्धिको कार्यान्वयनसँग सम्बन्धित अन्य समितिहरूको प्रभावकारिता वृद्धि गर्ने । | सं.स. | का.न्या.स.व्य.म. | अल्पकालीन (१ वर्ष) | समितिहरुद्धारा महासन्धि सम्बन्धी विषयहरुमा गरिएका छलफल कार्यक्रमको संख्या |
| ९. | महिलाको समानता अस्वीकार गर्ने विद्यमान जल्दावल्दा समस्याको पहिचान गर्ने सन्दर्भमा सरकार तथा नागरिक समाज विच नियमित संवाद तथा अन्तर्क्रिया गराई समाधानका उपायहरू पत्ता लगाउने । | सं.स. | ,, | ,, | पहिचान गरिएका समाधानका उपायहरु कार्यान्वयन गर्न तर्जुमा भएका कार्यक्रम |
| १०. | मानव अधिकार तथा महिला सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको अध्ययन गरी राष्ट्रिय कानूनमा समायोजन गर्नुपर्ने विषयवस्तु र प्रावधानहरूलाई अद्यावधिक गर्नको लागि विभिन्न क्षेत्रका विशेषज्ञहरू सम्मिलित कार्यदल गठन गर्ने । | प्र.मं. तथा मं.प.का. | का.न्या.स.व्य.म. | अल्पकालीन ( २ वर्ष) | कार्यदलको गठन भै तयार भएको प्रतिवेदन |

## २.१४. संसद र स्थानीय निकायहरूमा महिलाको प्रतिनिधित्व बढाउनेः-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| १. | संसद् र स्थानीय निकायमा निर्वाचन हुने पदमा महिला वर्गको प्रतिनिधित्व बढाउनको लागि राजनैतिक दलहरूले घोषणापत्र मार्फत नै दलीय धारणा व्यक्त गरी व्यावहारिकरूपमा नै प्रतिबध्दता जाहेर गर्ने । | नि.आ. | राजनीतिक दलहरु | अल्पकालीन (२ वर्ष) | राजनैतिक दलहरूको घोषणापत्रमा महिलाको राजनीतिमा सहभागी गराउने प्रतिबद्धताको अभिव्यक्ति |
| २. | राजनैतिक दलहरूले राखेको प्रतिबद्धता पुरा गर्ने सन्दर्भमा आवश्यकता अनुसार दलहरूको विधान संशोधन गर्नुपरेमा सो समेत गर्नको लागि आवश्यक पहल गर्ने । | नि.आ. | राजनैतिक दलहरु | मध्यकालीन (३ वर्ष) | महिला प्रतिनिधित्व वढाउने गरी राजनीतिक दलको विधानमा भएको संशोधन |
| ३. | संसद र स्थानीय निकायमा महिलाको प्रतिनिधित्व वृद्धि गर्ने सम्बन्धमा सरकार, राजनैतिक दलहरू, गैर सरकारी संघ संस्था, | म.बा.स.क.मं. | आम सञ्चारका माध्यम राजनैतिक दलहरु, गैसस, | अल्पकालिन १ वर्ष | सञ्चालित भएको सार्वजनिक बहसको संख्या र तयार भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | नागरिक समाज तथा आम सञ्चार माध्यमका बीच सार्वजनिक बहस (Public Hearing) को थालनी गर्ने । | | ना.स. | | प्रतिवेदन |
| ४. | महिला वर्गको जोस, जाँगर, उत्साह र कार्यप्रतिको प्रतिबद्धतालाई साकार रूप प्रदान गर्नको निमित स्थानीय निकायका महिला जनप्रतिनिधिहरूलाई वित्तिय तथा गैर वित्तीय प्रेरणा (Financial and Non-Financial incentives) ले अभिप्रेरित गरी स्थानीय आवश्यकता अनुसार श्रोत र साधनको परिचालनको माध्यमबाट अधिकाधिक मात्रामा निर्णय प्रक्रियामा सहभागी गराउने । | स्था.वि.म. | स्थानीय निकायहरु | ,, | निर्णय प्रक्रियामा स्थानीय निकायका महिला जन प्रतिनिधिहरुको संख्यामा भएको वृद्धि |

## २.१५ आम चेतना जगाउने र महिला विरूद्ध हुने सबै खाले हिंसा सम्बन्धी सूचना प्रवाहित गर्नेः-

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|

| | | प्रमुख | सहयोगी | | |
|---|---|---|---|---|---|
| १. | महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव विरूद्ध विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू एवं नागरिक समाजको तर्फबाट गरिएका अध्ययन, अनुसन्धान र प्रतिवेदनहरू आमसञ्चार माध्यम मार्फत प्रचार प्रसार गर्नुका साथै संयुक्त आम जन अभियानको प्रारम्भ, विकास र वकालत गर्ने । | म.बा.स.क.मं.र सू.सं.मं. | आम सञ्चार माध्यमहरू र गै.स.स. | निरन्तर | आम सञ्चार माध्यमबाट सूचना प्रवाह भएको पटकको संख्या, वर्ग र क्षेत्र |
| २. | महिला विरूद्ध हुने सबै किसिमका हिंसा नियन्त्रण गरी महिला हक हितको संरक्षण गर्न आवश्यक पर्ने तथ्याङ्क सूचना, बुकलेट, ब्रोसर, शैक्षिक सामग्री आदि तयार गरी सूचना प्रवाहित गर्ने र वास्तविकतालाई जनसमक्ष उजागर गर्ने ।गर्ने । | म.बा.स.क.मं | सू.सं.मं. आम सञ्चार माध्यमहरू र गै.स.स. | निरन्तर | उत्पादित सामाग्रीको संख्या तथा किसिम |
| ३. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी विभिन्न प्रकारका शिक्षामूलक, प्रचारमूलक तथा सन्देशमूलक नारा एवं सामाग्रीहरू तयार पारी वितरण गर्ने । | ,, | ,, | मध्यकालीन ३ वर्ष | सामाग्रीहरूको तयारी र वितरणको संख्या |
| ४. | सार्वजनिक र निजी क्षेत्रमा महिला विरूद्ध हुने सबै प्रकारका हिंसालाई नियन्त्रण | ,, | ,, | ,, | सेमिनार, कार्यशाला गोष्ठी, छलफल |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्न ज्ञान, सीप तथा अनुभवको आदान प्रदान गरी ठोस निष्कर्षमा पुग्नको लागि सरकारी निकायहरू, गैर सरकारी संघ संस्था, आम सञ्चार एवं नागरिक समाज समेतको सहभागितामा सेमिनार, गोष्ठी, छलफल तथा अन्तर्क्रिया सञ्चालन गर्ने । | | | | तथा अन्तर्क्रिया सञ्चालन भएको संख्या |

## २.१६. महासन्धिको अल्पकालीन तथा दीर्घकालीन कार्यान्वयनका लागि आवश्यक संयन्त्रको निर्माण गर्ने :-

| **क.सं.** | **कार्यक्रम/क्रियाकलापहरू** | **जिम्मेवार निकायहरू** | | **समयावधि** | **अनुगमन सूचक** |
|---|---|---|---|---|---|
| | | **प्रमुख** | **सहयोगी** | | |
| १. | हिंसाबाट पीडित महिलाका लागि शैक्षिक तथा आय आर्जनका क्रियाकलापहरु समावेश गरी पुनर्स्थापनाका कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्ने । | म.बा.स.क.मं. | गै.स.स., | दीर्घकालीन निरन्तर | पुनर्स्थापित तथा लाभान्वित महिलाको संख्या |
| २. | लैङ्गिक विभेदयुक्त सामाजिक प्रचलनहरुलाई हटाउन सामूहिक कार्यसम्पादनका लागि सरकार, नागरिक समाज तथा समुदायहरु बीच नेटवर्क र सम्बन्ध स्थापित | ,, | ,, | दीर्घकालीन निरन्तर | नेटवर्क स्थापना भै कार्य शुरुवात भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने । | | | | |
| ३. | महिलाको मानव अधिकार सम्बन्धी सरकारी प्रयासहरुको प्रभाव बारे आवधिक मूल्याङ्कन गर्ने । | ,, | ,, | दीर्घकालीन निरन्तर | मूल्याङ्कनबाट प्राप्त सुझावहरु नयाँ कार्यक्रम तर्जुमा हुँदा समावेश भएको |
| ४. | आर्थिक, सामाजिक, कानूनी र राजनैतिक क्षेत्रमा महिला सशक्तीकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । | ,, | ,, | अल्पकालीन १ वर्ष | कार्यक्रमको तर्जुमा भई सञ्चालन भएको |

## २.१७ महासन्धिको कार्यान्वयन सम्बन्धी अनुगमन र मूल्याङ्कन गर्नेः

| क.सं. | कार्यक्रम/क्रियाकलापहरू | जिम्मेवार निकायहरू | | समयावधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | | प्रमुख | सहयोगी | | |
| १. | महासन्धिका मान्यताहरु बारे मूल्याङ्कन तथा अनुगमन गर्न महासन्धि सम्बन्धी राष्ट्रिय समितिलाई गैरसरकारी क्षेत्रको सहयोग लिई प्रभावकारी बनाउने । | म.बा.स.क.मं. | गै.स.स. ना.स. | मध्यकालीन ३ वर्ष | अनुगमन सम्बन्धी छुट्टै समितिको गठन भई कार्य शुरुवात भएको |